
# लेखापरीक्षण प्रतिवेदन

# नरहरीनाथ गाउँपालिका, कालिकोट

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## नरहरीनाथ गाउँपालिका, कालिकोट

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/483

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
नरहरिनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट।

## कैफियतसहितको राय

हामीले नरहरिनाथ गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड ९४ लाख ७८ हजार र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु.४६ लाख ३२ हजार समेत रु.१२ करोड ४१लाख १० हजार समावेश गरेको छैन ।

२.गाउँपालिकाको रु. १ अर्ब १६ करोड ८३ लाख ६८ हजारको लेखापरीक्षण गरिएकोमा रु. १ करोड ७७ लाख ८६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट बेरुजु फस्र्यौट नभई बाँकी बेरुजु मध्ये असुल गर्नुपर्ने रु. १३ लाख ३८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ५६ लाख ५९ हजार, नियमित गर्नुपर्ने रु. ९७ लाख ५३ हजार र पेस्की बाँकी रु. १० लाख ३६ हजार रहेको छ।गत वर्षसम्म रु. १७ करोड ६० लाख ६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १९ करोड ३७ लाख ९२ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.गाउँपालिकाको वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु र सम्पती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा हामी विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक

निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु आर्थिक वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६६ | ७३ | १,७७,८६,२२७ | ० | ० | ० | ० | ६६ | ७३ | १,७७,८६,२२७ | १३,३८,१७० | ९७,५२,७२० | ५६,५९,५३० | ० | ० | १,५४,१२,२५० | १०,३५,८०७ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कालिकोट | १७,६०,०६,००० | ० | ० | १७,६०,०६,००० | ० | १,७७,८६,२२७ | १९,३७,९२,२२७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| नभएको । | | | | |

# (८०६६५५०२३०० - नरहरिनाथ गाउँपालिका, कालिकोट )

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्वेश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्वेश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा,१४३.८६ वर्ग किलोमिटर क्षेत्रफल तथा २२४५८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१५ देखि २०८१।५।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रारम्भिक प्रतिवेदन समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रारम्भिक प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको रु ११६८३६८५२५। लेखापरीक्षण भएको छ।प्राप्ती र भुक्तानीको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १७,८७,७८७/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| मिति | बैँकको नाम | भौचर नं | प्रयोजन | रकम |
|---|---|---|---|---|
| २०८१।५।१९ | राष्ट्रिय वाणिज्य बैँक | १४३५९०३० | द्वन्द्वपिडित शिक्षक स्थानीय भत्ता | १०४१०५ |
| २०८१।५।१९ | राष्ट्रिय वाणिज्य बैँक | १४३५९००८ | छात्रवृत्ति | १००००० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैँक | १२३२९१९४ | पाठ्यपुस्तक | ८४३६४ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैँक | ६९०२९६९५ | छात्रवृत्ति | ७९३०० |
| २०८१।५।२४ | राष्ट्रिय वाणिज्य बैँक | ६९२०६७३९ | दिवा खाजा | ७४९६० |
| २०८१।५।२१ | राष्ट्रिय वाणिज्य बैँक | १२३२९११० | पाठ्यपुस्तक | ७०७०८ |
| २०८१।५।२४ | राष्ट्रिय वाणिज्य बैँक | ६९२०१७०३ | दिवा खाजा | ६३०४० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैँक | १२३२९९५२ | पाठ्यपुस्तक दिवा खाजा र छात्रवृत्ति | ५८७८५ |
| २०८१।५।१९ | राष्ट्रिय वाणिज्य बैँक | १४३५९०१५ | पाठ्यपुस्तक | ५२५८३ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैँक | १२३२९१७७ | पाठ्यपुस्तक | ५०१७५ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैँक | १२३२९१९३ | पाठ्यपुस्तक | ४२०७७ |
| २०८१।५।१९ | राष्ट्रिय वाणिज्य बैँक | १४३५९००७ | पाठ्यपुस्तक | ४२००८ |
| २०८१।५।१९ | राष्ट्रिय वाणिज्य बैँक | ६८९९५०९३ | छात्रवृत्ति | ४०१०० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैँक | ६९०४२४२० | सिकाइ सामाग्री | ३९०५० |
| २०८१।५।२६ | राष्ट्रिय वाणिज्य बैँक | ६९३२९४२१ | दिवा खाजा | ३८७८० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैँक | १२३२९१०४ | दिवा खाजा | ३८१६० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैँक | १२३२९९६० | छात्रवृत्ति र पाठ्यपुस्तक | ३५०७६ |

| | | | | |
|---|---|---|---|---|
| २०८१।५।१४ | राष्ट्रिय वाणिज्य बैंक | १२३२९९६१ | पाठ्यपुस्तक | ३१२१९ |
| २०८१।५।१९ | राष्ट्रिय वाणिज्य बैंक | १४३५९००९ | सिकाइ सामाग्री | २९१०० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१८४ | छात्रवृत्ति | २८८०० |
| २०८१।५।१९ | राष्ट्रिय वाणिज्य बैंक | १४३५९०२९ | दिवा खाजा | २८०६० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१८१ | दिवा खाजा | २५५६० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | ६९०५०६५३ | छात्रवृत्ति | २४६०० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९९५४ | पाठ्यपुस्तक | २३९०५ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९९५६ | पाठ्यपुस्तक छात्रवृत्ति सिकाइ सामाग्री | २३६६७ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९९५५ | पाठ्यपुस्तक | २३३०० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१७८ | दिवा खाजा | २२९६० |
| २०८१।५।१९ | राष्ट्रिय वाणिज्य बैंक | १४३५९००४ | पाठ्यपुस्तक | २२४७५ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१०२ | पाठ्यपुस्तक | २१४९५ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | ६९०२५५९९ | पाठयपुस्तक | २१४०२ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | ६९०४२६१५ | पाठ्यपुस्तक | २१३०६ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | ६९०४२९८१ | छात्रवृत्ति | २११०० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१९० | पाठ्यपुस्तक | २०६८० |
| २०८१।५।१९ | राष्ट्रिय वाणिज्य बैंक | १४३५९०२८ | छात्रवृत्ति | १७६०० |
| २०८१।५।१९ | राष्ट्रिय वाणिज्य बैंक | ६८९९४२५८ | पाठ्यपुस्तक | १७०८७ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१०७ | छात्रवृत्ति | १६७०० |

| | | | | |
|---|---|---|---|---|
| २०८१।५।१९ | राष्ट्रिय वाणिज्य बैंक | ६८९९४९२० | पाठ्यपुस्तक | १६१९२ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९९५३ | छात्रवृत्ति र पाठ्यपुस्तक | १६१७५ |
| २०८१।५।२१ | राष्ट्रिय वाणिज्य बैंक | ६९०६९९६६ | पाठ्यपुस्तक | १५०३२ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१९६ | पाठयपुस्तक | १४९१४ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१७९ | पाठ्यपुस्तक | १३५७५ |
| २०८१।५।२१ | राष्ट्रिय वाणिज्य बैंक | १२३२९२०० | छात्रवृत्ति | १३००० |
| २०८१।५।२४ | राष्ट्रिय वाणिज्य बैंक | ६९२०२८९० | सिकाइ सामाग्री र पाठ्यपुस्तक | १२५०० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१९२ | पाठ्यपुस्तक | ११७३४ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | ६९०४३७६७ | पाठ्यपुस्तक | ११२१४ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | ६९२०६५५० | सिकाइ सामाग्री | १०५०० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | ११७७०१९० | छात्रवृत्ति | १०४०० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१०६ | पाठ्यपुस्तक | ९९२५ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१०३ | छात्रवृत्ति | ९४०० |
| २०८१।५।२१ | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१९९ | पाठ्यपुस्तक | ९३१९ |
| २०८१।५।२६ | राष्ट्रिय वाणिज्य बैंक | ६९३२९२२६ | पाठयपुस्तक | ९२८४ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१९८ | दिवा खाजा | ९२४० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१९१ | पाठ्यपुस्तक | ८७४० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१०८ | पाठ्यपुस्तक | ८६१५ |

| | | | | |
|---|---|---|---|---|
| २०८११५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१९५ | छात्रवृत्ति | ८५०० |
| २०८११५।१९ | राष्ट्रिय वाणिज्य बैंक | ६८९९१७०२ | छात्रवृत्ति | ८२०० |
| २०८११५।२४ | राष्ट्रिय वाणिज्य बैंक | ६८९९२०६० | दिवा खाजा | ७०४० |
| २०८११५।२० | राष्ट्रिय वाणिज्य बैंक | १४३५९०१० | सिकाइ सामाग्री | ७००० |
| २०८११५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१८६ | छात्रवृत्ति | ७००० |
| २०८११५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१८२ | पाठ्यपुस्तक | ६९२१ |
| २०८११५।२० | राष्ट्रिय वाणिज्य बैंक | ६९०५०९२३ | पाठ्यपुस्तक | ६९०० |
| २०८११५।२० | राष्ट्रिय वाणिज्य बैंक | ६९०५०९३२ | पाठ्यपुस्तक | ६९०० |
| २०८११५।२० | राष्ट्रिय वाणिज्य बैंक | ११७७०१८९ | पाठ्यपुस्तक | ६४५९ |
| २०८११५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१८३ | छात्रवृत्ति | ६२०० |
| २०८११५।२० | राष्ट्रिय वाणिज्य बैंक | ६९३२९६३८ | सिकाइ सामाग्री | ६००० |
| २०८११५।१९ | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१९७ | छात्रवृत्ति | ६००० |
| २०८११५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१८५ | सिकाइ सामाग्री | ५१०० |
| २०८११५।१९ | राष्ट्रिय वाणिज्य बैंक | १४३५९०११ | पाठ्यपुस्तक | ४८८७ |
| २०८११५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१०५ | पाठ्यपुस्तक | ३९५४ |
| २०८११५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१८७ | पाठ्यपुस्तक | ३८६० |
| २०८११५।१९ | राष्ट्रिय वाणिज्य बैंक | ६९०७०१६९ | पाठ्यपुस्तक | ३४९० |
| २०८११५।२० | राष्ट्रिय वाणिज्य बैंक | १२३२९१८० | पाठ्यपुस्तक | ३३३८ |

| | | | | |
|---|---|---|---|---|
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | ६९०१८६७७ | छात्रवृत्ति | ३२०० |
| २०८१।५।19 | राष्ट्रिय वाणिज्य बैंक | ६८९९०८९० | पाठ्यपुस्तक | २८३६ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | १४३५९०२१ | पाठ्यपुस्तक | २१३२ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | ६९०२९९९८ | सिकाइ सामाग्री | १९०० |
| २०८१।५।19 | राष्ट्रिय वाणिज्य बैंक | ६८९९५३२० | सिकाइ सामाग्री | १९०० |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | ६९०१८३८३ | पाठ्यपुस्तक | १५३४ |
| २०८१।५।२० | राष्ट्रिय वाणिज्य बैंक | | सिकाइ सामाग्री | १५०० |
| २०८१।५।१६ | कृषि विकास बैंक | | राजश्व _ खसी निकासा | ९९० |
| | | | जम्मा | १७८७७८७ |

२ **प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन**

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१

| क्र.स./ आर्थिक सङ्केत | राजस्व, अनुदान र अन्य प्राप्ति | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| ११००० | कर | ७,९२,९२,५६२.२६ | ७,९२,९२,५६२.२६ | ३,२८,९९,८७७.०७ | ३,२८,९९,८७७.०७ |
| १३००० | अनुदान | ३६,२४,०९,३२८.३० | ३६,२४,०९,३२८.३० | ४४,६५,९५,१७५.०० | ४४,६५,९५,१७५.०० |
| १४००० | अन्य राजस्व | १३,६४,६०६.३८ | १३,६४,६०६.३८ | ५२,६८,५८९.०० | ५२,६८,५८९.०० |
| क | कुल जम्मा प्राप्ति | ४४,३०,६६,४९६.९४ | ४४,३०,६६,४९६.९४ | ४८,४७,६३,६४१.०७ | ४८,४७,६३,६४१.०७ |
| ३ | चालु | ३४,२२,२७,६४८.५९ | ३४,२२,२७,६४८.५९ | ३१,४९,१५,७३२.८३ | ३१,४९,१५,७३२.८३ |
| २१००० | पारिश्रमिक / सुविधा | १८,४२,४०,६४४.३४ | १८,४२,४०,६४४.३४ | १३,४२,६४,४४७.८३ | १३,४२,६४,४४७.८३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १२,७४,८२,००२.०० | १२,७४,८२,००२.०० | १३,७८,९५,३४८.०० | १३,७८,९५,३४८.०० |
| २५००० | सहायता (Subsidy) | १,३०,२५,६२३.०० | १,३०,२५,६२३.०० | ३,३२,८९,७०७.०० | ३,३२,८९,७०७.०० |
| २७००० | सामाजिक सुरक्षा | १,३३,३९,४२५.०० | १,३३,३९,४२५.०० | ६९,८१,३३३.०० | ६९,८१,३३३.०० |
| २८००० | अन्य खर्च | ४१,३९,९५४.२५ | ४१,३९,९५४.२५ | २४,८४,८९७.०० | २४,८४,८९७.०० |
| ४ | पूंजीगत | ११,१९,८१,१२९.५७ | ११,१९,८१,१२९.५७ | १५,५४,०२,९१०.०० | १५,५४,०२,९१०.०० |
| ३१११० | भवन तथा संरचना | १,७५,३४,४८२.९३ | १,७५,३४,४८२.९३ | २,६३,३१,९४४.०० | २,६३,३१,९४४.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ६५,२१,००८.६४ | ६५,२१,००८.६४ | ४५,७६,९४५.०० | ४५,७६,९४५.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ३४,७१,१६१.०० | ३४,७१,१६१.०० | ३४,९१,४३५.०० | ३४,९१,४३५.०० |
| ३११५० | सार्वजनिक निर्माण | ७,९७,३८,६०७.०० | ७,९७,३८,६०७.०० | ११,५३,१२,५८६.०० | ११,५३,१२,५८६.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | १५,६८,५७०.०० | १५,६८,५७०.०० | ४,८०,०००.०० | ४,८०,०००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | २,८५,२००.०० | २,८५,२००.०० | ९,६०,०००.०० | ९,६०,०००.०० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | २८,६२,१००.०० | २८,६२,१००.०० | ४२,५०,०००.०० | ४२,५०,०००.०० |
| ख) | कुल जम्मा भुक्तानी | ४५,४२,०८,७७८.१६ | ४५,४२,०८,७७८.१६ | ४७,०३,१८,६४२.८३ | ४७,०३,१८,६४२.८३ |
| ग) | बचत /कमी (ग = क-ख ) | (१,११,४२,२८१.२२) | (१,११,४२,२८१.२२) | १,४४,४४,९९८.२४ | १,४४,४४,९९८.२४ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य | २२,१०,८५१.०० | २२,१०,८५१.०० | ४२,१९०.०० | ४२,१९०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | कोषको मौज्दातको थप/घट (+/-) | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | (१०,०३०.००) | (१०,०३०.००) | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (८९,३१,४३०.२२) | (८९,३१,४३०.२२) | १,४४,८७,१८८.२४ | १,४४,८७,१८८.२४ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ३,९६,२९,०२०.०० | ३,९६,२९,०२०.०० | ५,७७,८२,०८८.३० | ५,७७,८२,०८८.३० |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ३,०६,९७,५८९.७८ | ३,०६,९७,५८९.७८ | ७,२२,६९,२७६.५४ | ७,२२,६९,२७६.५४ |

३ **एकिकृत आर्थिक विवरण**

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| | | | | | चालु खर्च | २०१०६१६९ | |
| १ | गत वर्षको जिम्मेवारी | ३६९८१२१९ | ३६९८१२१९ | १ | पूँजीगत खर्च | १११९८०३० | ३१३०४१९९ |
| | राजस्व ( आन्तरिक आय) | | | | खर्च | ० | ० |
| | क) आन्तरिक राजस्व | २०३८३४१ | २०३८३४१ | | चालु खर्च | ० | ० |
| २ | ख) राजस्व बाँडफाँड | ८१८९०९२२. | ८१८९०९२२ | क) | चालु खर्च | ७८३१०८०१ | ७८३१०८०१ |
| | वित्तिय हस्तान्तरण संघ | | | | | | |
| | | | | क) | चालु खर्च | ४४४९३८७९. | |
| ३ | क) वित्तिय समानीकरण अनुदान | १०६९५०००० | १०६९५०००० | ख) | पूँजीगत खर्च | ४९१०४९६३ | ९३५९८८४२.०० |
| | ख) सशर्त अनुदान | १८५३१४६४७ | १८५३१४६४७ | क) | चालु खर्च | १८५३१४६४७.३ | १८५३१४६४७.३ |
| | ग)शशर्त अनुदान पुजिगत | ८५२४७९० | ८५२४७९० | क) | पूँजीगत खर्च | ८५२४७९० | ८५२४७९० |
| | ग) समपूरक अनुदान | ७१२५८२७ | ७१२५८२७ | क) | खर्च | ७१२५८२७ | ७१२५८२७ |
| | घ) विशेष अनुदान चालु | ४५२९६७९ | ४५२९६७९ | क) | खर्च | ४५२७८६१ | ४५२७८६१ |
| | ङ)विशेष अनुदान पुजिगत | ६३३५७०३ | ६३३५७०३ | क) | खर्च | ६३३५७०३ | ६३३५७०३ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | | | | |
| | | | | क) | चालु खर्च | ४६०७९२९ | |
| | क) वित्तिय समानीकरण अनुदान | १३७३६००० | १३७३६००० | ख) | पूँजीगत खर्च | ७५४५४७९ | १२१५३४०७.६४ |
| | ख) सशर्त अनुदान चालु | ३४१६४५२ | ३४१६४५२ | क) | चालु खर्च | ३४१६३६२ | ३४१६३६२ |
| | ग)शशर्त अनुदान पुजिगत | १०५६२४४१.९३ | १०५६२४४१.९३ | क) | खर्च | १०५६२४४२ | १०५६२४४२ |
| | घ) समपुरक अनुदान | ९१८६६७८ | ९१८६६७८ | क) | खर्च | ९१८६६७८ | ९१८६६७८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ङ) विशेष अनुदान | २३९०१८८ | २३९०१८८ | क) | खर्च | २३९०१८८ | २३९०१८८ |
| ५ | च) राजश्व बाँडफाँड प्रदेश सरकार | ४३५५७५ | ४३५५७५ | क) | खर्च | ० | ० |
| ६ | सामाजिक सुरक्षा तथा संरक्षण | ११९४७८५०१ | ११९४७८५०१ | क) | खर्च रकम रु | ११९४७८५०१ | ११९४७८५०१ |
| ७ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय प्रदेश सरकार | ४६३२००० | ४६३२००० | क) | खर्च रकम रु | ४६३२००० | ४६३२००० |
| | धरौटी आय चालु आ व | ४८७४८०८ | | | धरौटी फिर्ता | ३७४१९०७ | ३७४१९०७ |
| ८ | गत आवको धरौटी | ५३४०१६२ | १०२१४९७० | क) | धरौटी बैंक मौज्दात | ६४७३०६३ | ६४७३०६३ |
| ९ | बैंक मौज्दात | ० | | क) | बैंक मौज्दात | २६६६६७१५ | २६६६६७१५ |
| १० | विविध कोष खाता मौज्दात | ११०११६६२ | ११०११६६२ | क) | विविध खाता मौज्दात | ११०११६६२ | ११०११६६२ |
| | जम्मा | ६२४७५५५९६ | ६२४७५५५९६ | | जम्मा | ६२४७५५५९६ | ६२४७५५५९६ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने र दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

४.१ **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । म.ले.प.फा.नं.२७० अनुसार गत वर्षको अन्त्यमा बैक तथा नगद मौज्दात रु. ७,२२,६९,२७६.५४ रहेकोमा सुत्र सफ्टवेयरमा रु. ३,९६,२९,०२० जिम्मेवारी सारेको देखियो । जसअनुसार रु.३,२६,४०,२५६.५४ घटि जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।त्यसैगरी गत वर्षको मलेप प्रतिवेदनमा बाँकी मौज्दात रु.७,२२,१३,०८५.५४ देखाएकोमा यसबर्षको जिम्मेवारी रु.३,६९,८१,२१९ सार्दा रु.३,५२,३१,८६७ घटि जिम्मेवारी सारेको सम्बन्धमा गत बर्षको अनुदान फिर्ता रु.३,७२,३१,७३४ उल्लेख गरेता पनि फरक रु.१९,९९,८६७ सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ । म.ले.प.फा.नं.२७० ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ३,९६,२९,०२० | ४४,३०,६६,४९६ | ४५,४२,०८,७७८ | ३,०६,९७,५८९ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३,६९,८१,२१९ | ५८,७७,७४,३७७ | ५८,०६,०४,१५६ | ४,४१,५१,४४० |
| फरक | -२६,४७,८०१ | -१४,४७,०७,८८१ | -१२,६३,९५,३७८ | -१,३४,५३,८५० |

४.२ **वित्तीय विवरणको यथार्थता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण म.ले.प.फा.नं २७० प्रणालीबाट तयार गरेको छ । तर संघीय सरकार तर्फको सामाजिक सुरक्षा तथा संरक्षणको रु.११,९४,७८,५०१ र प्रदेश सरकार तर्फ आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु.४६,३२,००० समेत रु.१२,४१,१०,५०१ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४.३ **बैक हिसाब मिलान** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा सो नगरकोले सुत्रबाट प्राप्त विवरण अनुसार श्रेस्ता अनुसार रु. १,५०,६१,९३५.३० बाँकी देखिएकोमा बैक अनुसार रु. ४,४१,५१,४४३.३५ देखिएकोले फरक रु.२९०८९५०८.०५ सम्बन्धमा यकिन गरी बैक हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

| बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| कृषि विकास बैंक लिमिटेड | ०७२६००१५७४६७२२२३ | ग १.१, आन्तरिक राजस्व खाता | ०.०० | ३९,२१,४९०.३१ |
| कृषि विकास बैंक लिमिटेड | ०७२६००१५७४६७२२१५ | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ४,३५,५७५.०० | ११,९०,८७०.६६ |
| कृषि विकास बैंक लिमिटेड | ०७२६००१५७४६७२२०७ | ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ५२,०००.०० |
| कृषि विकास बैंक लिमिटेड | ०७२६००१५७४६७२०२९ | ग २.१, चालू खर्च खाता- विजोर वर्ष | ७३,१५,८८३.९४ | ९१,२२,१९१.८३ |
| कृषि विकास बैंक लिमिटेड | ०७२६००१५७४६७२०३७ | ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष | ७५,२६,५५८.३६ | ४१,४९,२०३.३६ |
| कृषि विकास बैंक लिमिटेड | ०७२६००१५७४६७२१२६ | ग २.७, विविध खर्च खाता | १,१०,११,६६२.३० | १,१०,११,६६२.३७ |
| कृषि विकास बैंक लिमिटेड | ०७२६००१५७४६७२०९६ | ग ३.१, स्थानीय तह धरौटी खाता | ६४,७३,०६३.०० | ६४,७३,०६३.०० |
| कृषि विकास बैंक लिमिटेड | ०७२६००१५७४६७२०१० | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | (१,४८,०६,८०७.३०) | ८२,३०,९६१.८२ |
| बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता] | | | (२८,९४,०००.००) | |
| जम्मा | | | १,५०,६१,९३५.३० | ४,४१,५१,४४३.३५ |

४.४ **दाखिला गर्न बाँकी राजस्व -** सुत्र सफ्टवेयरको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको दायित्व र विभिन्न गो.भौ.नं.को चेक प्रिन्ट गर्न बाँकी बाट समेत दायित्व यकिन भई सकेको रकम लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्ने। व्यहोरा | रकम |
|---|---|---|
| | म.ले.प.फा.नं २७० अनुसार भुक्तानीहरुमा कट्टी गरेको दायित्व बाँकी | १००३० |
| १४६।२०८१-०१-१३ | आ.रा.का.जुम्ला | १३५४ |
| १४६।२०८१-०१-१३ | आन्तरिक राजस्व खाता | २२५० |
| ५५४।२०८१-०२-११ | आ.रा.का.जुम्ला | १४९३३ |
| ५५६।२०८१-०२-११ | आ.रा.का.जुम्ला | १०७९५ |
| ६०६।२०८१-०२-२५ | क.से.का.जुम्ला | ६७७९ |
| | जम्मा | ४६१४१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,१४१ |

४.५ **आर्थिक कारोबारको लेखाङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्वीकृत लेखा ढाँचामा देहायको बिबरण समेत

अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । पालिकाले बैक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी, प्राप्त रकमको मास्केवारी-२२२, सन्तुलन परिक्षण- २२५, बजेट रकमान्तर/कार्यक्रम संसोधनको बिबरण- ३०४, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।

५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) तर्जुमा गरी सबै स्थानीय तहहरूलाई कार्यान्वयन गर्न मिति २०७८।०८।१३ मा परिपत्र गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रणं प्रणाली निर्देशिका बनाई लागु गरेको छैन। वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधार हुनु पर्दछ ।

६ **भ्रमण खर्च**

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीहरुलाई भ्रमण खर्च वापत रु.१९,४७,८५० खर्च लेखेकोमा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन नभई कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त नभएको,भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमण खर्च लेखेको, कतिपय भ्रमण कार्यालयसँग असम्बन्धित ठाउँ गएको जनाई सो वापतको खर्च लेखेको देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

७ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा PAMS मा प्रविष्ट गरी सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार नगरेको, गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सम्पूर्ण सामाग्रीको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो नगरेको, गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक नगरेकोले पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार अनिवार्य

रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

८ **वडा कार्यालय तथा अन्य शाखावाट खरिद**

आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०7७ को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि स्रेस्ता खडा गरी अधावधिक गरी राख्नु पर्ने व्यवस्था छ । वडा तथा अन्य शाखाको खरिदको नमुना छनौट गरीएकोमा वडा सञ्चालनको लागि आवश्यक सामग्री वडा सचिव तथा शाखा प्रमुख आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने र वडा र शाखाको छुट्टै जिन्सी खातामा प्रविष्टी गर्ने, दाखिलामा जिन्सी सम्बन्धी आवश्यक स्पेशिफिकेशन नखुलाई जिन्सी आम्दानी गर्ने र कार्यालयले सोही बमोजिम विल भुक्तानी गर्ने गरेको पाइयो । बजेट सञ्चालन गर्ने निकायवाट सामग्री खरिद गरी मुल जिन्सी अभिलेखमा PAMS मा चढाई हस्तान्तरण मार्फत् वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको जिन्सी सहायक जिन्सी खातामा आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकीकृत जिन्सी अभिलेख तयार भएको देखिएन । यसमा सुधार हुनुपर्दछ।यसका केहि उदाहरण निम्नानुसार छन् –

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | खरिद सामाग्री | रकम |
|---|---|---|---|
| ६१६।२०८१-०२-२९ | अमित बिष्ट-वडा नं.३ | सिचाँइ पाइप | २८,८०० |
| ४०३।२०८०-११-२८ | पि.एस. इनर्जी पावर प्रा.लि.वडा नं.१ को खरिद | धुवा रहित चुलो | ९१,००० |
| १००५।२०८१-०३-२४ | बसन्त ओली वडा नं. वडा नं.४ | फर्निचर | ८५,०८५ |
| १००९।२०८१-०३-२४ | विश्वकर्मा फर्निचर फर्म- वडा नं ६ को खरिद | फर्निचर | ९५,७२३ |
| २४३।२०८०-१०-०४ | पदम बहादुर बुढा-वडा न.७ | शैक्षिक सामाग्री | ९९,८०० |
| | | जम्मा | ४,००,४०८ |

९ **नीति तथा कार्यक्रमको कार्यान्वियन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ (१) मा ४ सदस्यीय बजेट तथा कर्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथामिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको केही नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथामिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । नीति तथा कार्यक्रममा उल्लेख भएका ब्यहोराहरु कार्यान्वयन नभएका केही उदाहरणहरु देहाय अनुसार रहेका छन् -

• किसानहरुलाई किसान सुचिकरण प्रणालीमा सुचिकरण गरी वास्तविक किसानको पहिचान र बर्गीकरण गरी किसान परिचय पत्र वितरण गरीआवश्यक सेवा उपलब्ध गराउने,

• मौरीपालन व्यवसायलाई प्रोत्साहन गर्न मौरी घारलाई ७५ प्रतिशत अनुदानमा वितरण गर्ने,

• स्थानीय स्रोत साधनहरुको प्रयोग हुने गरि सोहि समुदायको मागमा आधारित आवश्यकताको प्राथमिकिकरण गरि उद्यमशिलताको माध्यमबाट स्वरोगार बनाई गरिबी न्यूनिकरणमा सहयोग पुग्ने उद्देश्यका साथ एक बडा एक उद्यमको स्थापना गर्ने,

• जटिबुटी संकलन तथा प्रशोधन केन्द्रको सम्भाव्यता अध्ययन तथा स्थापना गर्ने,

• नीजी मेडिकल क्लिनिकहरुको नियमन गरी नियमानुसार दर्ता गरि करको दायरामा ल्याउन पहल गर्ने,

• विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने,

• सेवाग्राहीलाई सहजताका लागि पालिका र वडा कार्यालयमा डिजिटल नागरिक वडापत्रको व्यवस्थापन गर्ने साथै नागरिकहरुलाई थप जानकारी लिनका लागि टोल फ्री नम्बरको व्यवस्थापन गर्ने,

• भवन निर्माण सम्बन्धी मापदण्ड जारी गरि पूर्ण रुपमा कार्यान्वियन गर्ने

• प्रत्येक वडामा विपद प्रतिकार्य कार्यदल गठन गर्ने,

• स्थानीय विपद ब्यबस्थापन समिति बडास्तरिय बिपद पूर्व तयारी तथा प्रतिकार्य समिति र सामुदायिक बिपद ब्यबस्थापन समिति हरुलाई पुर्नगठन गर्ने,

• कार्यालयमा विनियोजन गरिने बजेटलाई सम्बन्धित वडाको जनसंख्या, भुगोल, राजश्वको क्षमता, विकासको अवस्था तथा आवश्यकता समेतको आधारमा बजेट विनियोजन व्यवस्था मिलाईने ।

गाउँसभामा प्रस्तुत नीति तथा कार्याक्रममा उल्लेखित ब्यहोराहरुको कार्यान्वियनको लागि आवश्यक पहल गर्नु पर्ने देखिन्छ ।

## १० बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गनुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण गर्नुका साथै तयार भएको आगामी आर्थिक बर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगाएत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ११ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यो बर्ष बेसहरा नागरिकसँग अध्यक्ष भेटघाट कार्यक्रममा रु.२७,००,००० र कृषकसँग उपाध्यक्ष कार्यक्रममा रु.२६,००,००० समेत रु.५३,००,००० अवण्डा वजेट राखि रु.४५,२०,३४९ खर्च लेखेको छ । उक्त कार्यक्रम सँग सम्बन्धित कुनै कार्यविधि तर्जुमा गरेको छैन । कानुनी आधार वेगर खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

## १२ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाको स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ । त्यस्तै स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिक, २०७४ को नियम ३.१ मा पूँजिगत शीर्षकको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शिर्षगत रुपमा एकमुष्ठ रु.६,२९,०७,२१९ रकमान्तर गरेको छ । यसले गर्दा कुन शीर्षकबाट कुन शीर्षकमा रकमान्तर भएको हो यकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालना गरी रकमान्तर गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

## १३ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार को.ले.नि.का.बाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। कार्यपालिकाको मिति २०८०-०५-१५ को निर्णयबाट बजेट सभामा पेश गरि गत आ.व.को रु.२,४४,४४,९७७ भुक्तानी दिएको विवरण पेश गरेको छ । आर्थिक वर्ष भित्रै सम्पन्न गर्नुपर्ने योजना तथा कार्यक्रम समयमा नै सम्पन्न नगरेको कारण बजेट खर्च नभई आगामी वर्षको लागि दायित्व सरेको देखिन्छ । तसर्थ ठूला तथा बहु वर्षीय योजना तर्जुमा गर्ने तथा कार्यक्रम समयमै सञ्चालन गरी आगामी वर्षको लागि दायित्व सिर्जना गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१४ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,३९,८०,००० | २,०१,९८,१४३ | ४.४५ |
| २ | पूर्वाधार विकास | १२,०७,५७,३०० | ८,४२,९७,५५० | १८.५५ |
| ३ | सामाजिक विकास | २४,५५,३५,७२० | २०,७३,३३,२४१ | ४५.६४ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १,२१,३२,००० | १,०७,०५,७८४ | २.३५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५,०५,३७,९३४ | १३,१६,७४,०५८ | २९.०१ |
| **जम्मा** | | ५६,२९,४२,९५४ | ४५,४२,०८,७७६ | **१००** |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ४.४५ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ४५.६४ प्रतिशत, पूर्वाधारतर्फ १८.५५ प्रतिशत, संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ क्षेत्रतर्फ २.३५ प्रतिशत र अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ २९.०१ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ४.४५ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन गरि खर्च गर्नुपर्ने एवम् कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च धेरै गरेकोले प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ । साथै संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा विनियोजन रकम एवं खर्च अभिबृद्धि गर्नुपर्दछ।

१५ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु.हजारमा) | | | | अषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १,३१,६४८ | ० | २,३७३ | २२,४०४ | १,०६,८७१ | ५८,५८२ |
| प्रतिशत | १००% | ०% | १.०८ | १७.०१ | ८१.९१ | ४४.४९ |

उपलब्ध विवरणअनुसार वार्षिक रु.१,३१,६४८ हजार पूँजिगत खर्च भएकोमा प्रथम त्रैमासिकमा खर्च नभएको ,दोस्रो त्रैमासिकमा रु. २,३७३ हजार(१.०८ प्रतिशत) खर्च , तेस्रो त्रैमासिकमा रु. २२,४०४ हजार (१७.०१ प्रतिशत) खर्च र चौथौ त्रैमासिकमा रु. १,०६,८७१ हजार (८१.९१ प्रतिशत ) खर्च गरेको देखिएको छ । यसरी नै अषाढ महिनामा मात्र रु. ५८,५८२ हजार (४४.४९ प्रतिशत) खर्च देखिनुले अषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गर्नु पर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१६ **योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने साथै मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट

विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु ५ लाखभन्दा कमको योजना | १३३ | १,६७,२६,१५२ |
| २ | रु ५ लाख एक देखि २० लाख सम्मका योजना | ८ | ४७,७५,२१८ |
| ३ | रु २० लाखदेखि माथिका योजना | ७ | २,९४,३९,७५७ |
| | जम्मा | १४८ | ५,०९,४१,१२९ |

## १७ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३,१६,४८,४३५ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## १८ खरिद कारवाहीको अभिलेख

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागि फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का अभिलेख खाता (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन ।उक्त अभिलेखमा गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतका विषयहरु अद्यावधिक गर्नुपर्नेमा पालिकाले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ ।

## १९ कानून निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमुना कानूनहरु बनाई उपलब्ध गराएकोमा गाउँपलिकाले यस बर्ष २ वटा ऐन, ५ वटा कार्यविधि, १ मापदण्ड निर्माण गरी कार्यान्वियनमा ल्याएको छ । उक्त कानूनहरु कुन समयमा निर्माण तथा राजपत्रमा प्रकाशित भएको विवरण पेश भएन । आवश्यक्ता अनुसार कानून तर्जुमा, कार्यान्वियन र राजपत्रमा प्रकाशन हुनुपर्दछ ।

## २० न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्षको जिम्मेवारी २० यो बर्ष दर्ता भएका ११ उजुरी समेत ३१ उजुरी दर्ता भएकोमा

देखिएकोमा उक्त मुद्धाहरु म्यादभित्र फस्यौंट भए नभएको देखिने गरि अभिलेख राखेको छैन् । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फस्यौंट गरिएको अभिलेख राखी कारवाहीको टुङ्गो लगाउनुपर्छ ।

२१ **दरबन्दी तथा पदपूर्ती**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्य बोझ, राजस्व क्षमता, खर्चको आकार स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३७ दरवन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशासकिय अधिकृत,लेखा सहायक,आन्तरिक लेखापरीक्षक,इन्जिनियर सहित २३ पदपूर्ति भई प्रशासकिय अधिकृत छैठौँ ,कम्प्युटर अपरेटर, लेखा अधिकृत लगायत १४ पद रिक्त भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्ति पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पलिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।प्रदेश लोक सेवा आयोग मार्फत् यथाशीघ्र पदपूर्ति गर्नुपर्दछ ।

२२ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन,२०४९ को दफा ७ ख को उपदफा २, स्वास्थ्य सेवा ऐन, २०५३ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ स्थायी कर्मचारीको रु.२,२०,७६,४४६ र समानीकरण चालु पालिकातर्फ स्थायी कर्मचारीको रु.१,७९,४२,८१९ समेत रु.४,००,१९,२६५ बार्षिक तलबभत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२३ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले मेडिकल अधिकृत, नेत्र सहायक, अ.न.मी., ल्याब असिस्टेन्ट, कम्प्युटर अपरेटर, अमिन, खेल शिक्षक, प्रशासन सहायक, रेडियो प्राविधिक, कार्यालय सहयोगी, स्वीपर, सवारी चालक लगायत पदमा ८९ जना कर्मचारी करार नियुक्ति गरी बर्ष भरि रु.२,५३,९७,४४५ खर्च लेखेको विवरण पेश गरेको छ । पालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ०५, मिति २०७९-०४-०१ को नमुना संगठन संरचना र दरबन्दिको परिपत्रको आधारमा आधारभुत अस्पताल र आधारभुत स्वास्थ्य सेवा केन्द्रको अस्थायी दरबन्दीमा स्वास्थ्यकर्मी करारमा कर्मचारी नियुक्त गरेको विवरण पेश गरेको छ ।

त्यसैगरी सोही ऐनको दफा ८३ (८) वमोजिम पालिकाले गाउँ प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ।पालिकाबाट पेश भएको विवरण अनुसार माथि उल्लिखित पद वाहेक पालिकामा दरबन्दि नभएको कम्प्युटर अपरेटर, रेडियो स्टेशन प्रबन्ध,रेडियो प्राविधिक, रेडियो कार्यक्रम संयोजक,अमिन, ना.प्रा.स.लगायत पदमा १२ जना करारमा नियुक्ति गरी वर्षभरीमा रु.३२,८७,६०० तलब भत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३२,८७,६०० |

२४ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यो बर्ष कर्मचारी अवकाश कोषमा रकम ट्रान्सफर भएको छैन् । पालिकाले उक्त कोषको सञ्चालन सम्बन्धी कुनै ऐन कानूनको व्यवस्था गरेको देखिएन कानूनी व्यवस्थाको पालना हुनुपर्दछ ।

२५ **सचिवालय सहायक**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन,२०७७ को दफा १५(२) मा पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने उल्लेख छ । पालिकाले उक्त व्यवस्था विपरित देहायको सचिवालय सहायक कर्मचारी नियुक्त गरि बार्षिक रु.६,६२,०००। तलब भत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| कर्मचारीको नाम | बार्षिक भुक्तानी रकम (चाडपर्व समेत) | कैफियत |
|---|---|---|
| प्रकाश बिष्ट | ४,४२,००० | बार्षिक तलब भत्ता |
| डायमण्ड शाह | १,२०,००० | असोज सम्मको तलब भत्ता |
| धन बहादुर शाही | १,००,००० | चैत्रको १० दिन र बैशाख देखि असार सम्मको तलब भत्ता |
| जम्मा | ६,६२,००० | |

| | |
|---|---|
| अनियमित भएको | ६,६२,००० |

२६ **सेवा प्रवाह र आम्दानी**

पालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन ।यसमा सुधार हुनुपर्दछ ।

२७ **खर्च बिश्लेषण**

पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रु.२०,३८,३४१ राजस्व बाँडफाँड र अनुदानबाट रु.६२,२७,१७,२५५ समेत रु.६२,४७,५५,५९६ आम्दानी भएकोमा चालु तर्फ रु.४४,८९,५५,७२१ र पूँजिगत तर्फ रु.१३,१६,४८,४३५ समेत रु.५८,०६,०४,१५६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुविधामा रु.६३,२८,००० खर्च भएको छ जुन यस बर्षको आन्तरिक आयको ३१०.४४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७.३२ प्रतिशत चालु र २२.६८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गर्नु पर्दछ ।

२८ **अनुदानको अनुगमन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । यो बर्ष पालिकाले कृषि, पशु कार्यक्रममा अनुदान खर्च लेखेकोमा अनुदानको परिमाण र लाभग्राहि संख्याको अभिलेख राखेको पाइएन् । साथै अनुदानको अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्न स्थानीय अनुदान नीति तय गरेको छैन् । तसर्थ अनुदान वितरणको अभिलेख खडा गरि अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानको सही सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| अनुदानको प्रकार | खर्च रकम |
|---|---|
| कृषक समुहलाई २०% सहलगानीमा राँगो वितरण | ९९,००० |
| मकै बाली प्रबर्धन कार्यक्रम – विभिन्न ६ कृषक समुह | ७,३५,७५७ |
| दलहन बाली पकेट विकास कार्यक्रम निरन्तरता - विभिन्न २ कृषक समुह | २,६९,००२ |
| जम्मा | ११,०३,७५९ |

२९ **बहुक्षेत्रीय पोषण कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक निकायबाट उपलब्ध गराइने अनुदानको प्रभाव मूल्याङ्कनका साथै निरन्तर अनुगमन गरिनुपर्दछ। भौचर नं २६०,२६२।२०८१।३।२० बाट पोषण तथा खाद्य सुरक्षा कार्यक्रम छनौटमा परेका सुनौला हजार दिनका ३६० आमाहरूलाई कृषि तर्फ रु.१,६४० मूल्यका ८ प्रकारका तरकारी विउ र रु.२,५१० मूल्यका १० प्रकारका सामाग्री समेत प्रत्येक लाई रु.४,१५० का दरले हुने रु.१४,९४,०००र पशु सेवाबाट कृषि तर्फ छनौटमा नपरेका र सुनौला हजार दिनका वडा समितिबाट छनौटमा परेका ३६० आमाहरूलाई रु.२,४५० मूल्यका ७ कुखुराका चल्ला र २० के जी दाना रु.१,६८१ समेत प्रत्येक व्यक्तिलाई रु.४,१३१ का दरले रु.१४,८७,१६० अनुदान वितरण गरेको छ।पालिकाबाट अनुदानग्राहीको अभिलेख राखि लक्ष्य अनुरूप प्रभाव मूल्याङ्कन र अनुदान उपयोग अवस्थाको निरन्तर अनुगमन हुनुपर्दछ।

३० **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १० वटा सहकारी संस्था रहेकोमा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरि उक्त प्रणाली प्रयोग गरेको पाईएन । पालिका भित्रका सम्पुर्ण सहकारी संस्थाहरुबाट एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण अद्यावधिक गरी प्रणालीको प्रयोग हुनुपर्दछ ।

३१ **महोत्सव तथा चाडपर्व खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पर्व, जात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । पालिकाले यस वर्ष पालिका तथा वडा स्तरीय मेला तथा साँस्कृतिक प्रकृतिका कार्य सभाबाट बजेट विनियोजन गरि रु.८,५०,०००। खर्च गरेको छ ।यस्तो खर्च नियन्त्रण गरिनु पर्दछ ।

३२ **आर्थिक सहायता**

पालिकाले आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्याबिधि,२०७६ बमोजिम यो बर्ष आर्थिक सहायता तथा औषधि उपचारमा रु.४,९७,००० खर्च लेखेको छ ।आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३३ **सवारी साधन मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा मर्मत आवेदन फारम म.ले.प.फा.नं. ४१४ र मर्मत अभिलेख खाता म.ले.प.फा.नं. ४१५ PAMS बाट तयार नगरी एक्जावेटर १, एम्बुलेन्स १, मोटरसाईकल ८, चार पाङग्रे सवारी साधनको १ समेतको मर्मत रु.२५,४७,०४३। खर्च लेखेको छ । नियमको पालना तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

३४ **सवारीसाधन खरिद**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ।पालिकाले यस वर्ष १ मोटरसाइकल खरिदमा रु.४,२४,९०० खर्च गरेको छ। कानूनी व्यवस्थाको पालना गर्नु पर्दछ ।

३५ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिका केन्द्र र वडा कार्यालयको विविधतर्फ चिया/खाजा/खाना लगायतमा गत बर्षको रु.११,५०,००० र यो बर्षको रु.२३,५८,८६७ समेत रु.३५,०८,८६७ सभाबाट बजेटमा समावेश गरि खर्च लेखेको छ । जुन यस बर्षको आन्तरिक आयको १७२.१४ प्रतिशत हुन्छ । पालिकाको आन्तरिक आयश्रोत सुदृढ र मजवुत नभएको अवस्थामा यस्तो सुविधा खर्च गर्दा थप आर्थिक व्ययभार परेको देखिन्छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३६ **राजस्वको श्रेस्ता तथा अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक राजस्व तर्फ तोकिएको म.ले.प.फा.नं.१०२ देखि १०८ सम्मको स्रेस्ता तथा अभिलेख तयार गरेको पाइएन । स्रेस्ता तथा अभिलेख पूर्ण रुपमा र व्यवस्थित नहुँदा पालिकाले नियमित रुपमा उठाउने मालपोत दस्तुर, सिफारिस दस्तुर, एकिकृत सम्पत्ती कर लगायतका विभिन्न् शीर्षकमा प्राप्त गरेको आयको यथार्थता लेखापरीक्षणको क्रममा यकिन गर्न सकिएन । तोकिएका अभिलेख तथा स्रेस्ता तयार गरि आन्तरिक आयलाई व्यवस्थित, पारदर्शी, गणनायोग्य तथा तुलनायोग्य बनाईनुपर्दछ ।

३७ **रसिद नियन्त्रण खाता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ५१ मा ऐन वमोजिम राख्नुपर्ने प्रत्येक कारोवारको लेखा राख्नुपर्ने र सोहि ऐनको दफा ३१ मा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी गर्न आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले यो बर्ष ११० ठेली नगदी रसिद छपाएकोमा १३ ठेली लेखापरीक्षणको क्रममा उपलब्ध नभएको, पुराना आर्थिक वर्षमा छपाई भएका नगदी तथा मालपोत रसिद प्रयोग गरेको, घुम्ति सेवा तथा पशु सेवा शाखाले आफै नगदि रसिद छपाई प्रयोग गरेको, नगदी रसिद बुझिलिएको सम्बन्धित शाखाले प्रयोग नगरी अन्य शाखाले प्रयोग गरेको देखियो । पालिकाले व्यवस्थित तरिकाले रसिद नियन्त्रण खाता नराखेकाले प्रयोग भएको नगदी रसिदबाट राजश्व संकलन तथा दाखिला सम्बन्धमा यकिन गर्न सकिएन । राजश्व असुलीमा प्रयोग हुने ठेली रसिद नियन्त्रण खातामा प्रबिष्ट पश्चात प्रयोग गर्ने व्यवस्थाको कार्यान्वियन गर्दै राजस्व असुलि र दाखिलालाई यथार्थपरक बनाउन ध्यानदिनुपर्दछ ।

३८ **संघ ,प्रदेशअनुदान र आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । आर्थिक बर्ष २०८०/८१ मा संघ तथा प्रदेश अनुदानको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| संघ तथा प्रदेश अनुदानबाट खर्च | आन्तरिक आय | आय प्रतिशत |
|---|---|---|
| ४५,२१,७०,४३७ | २०,३८,३४१ | ०.४५ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.४५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यानदिनुपर्ने देखिन्छ ।

३९ **आय उपकरण परिचालन**

पालिकामा १ एम्बुलेन्स र १ एक्जाभेटर संचालिन रहेकोमा उपकरणको चालक, इन्धन र मर्मत खर्च लेखेकोमा ति उपकरण उपयोग, आय र परिचालनको लगसिट लगानी र आय बिश्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको विवरण पेश भएन । उपकरणहरु मार्फत् प्रदान गरीने सेवाको आय र व्यय देखिने गरी व्यवस्थित अभिलेख राख्नु पर्दछ ।

४० **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष रु.२०,००,००० लाख आय प्रक्षेपण गरेकोमा रु.२०,३८,३४१ अनुमानको १०१.९१ प्रतिशत असुली गरेको विवरण पेश गरेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझीलिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

४१ **करको दायरा विस्तार**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ मा स्थानीय तहले सवारी कर तथा मनोरञ्जन कर तथा सोहि ऐनको दफा ५८ मा व्यवसाय कर आफ्नो कार्यक्षेत्रभित्र तोक्न तथा उठाउन पाउने व्यवस्था छ। यस वर्ष पालिकाले सवारी कर मनोरञ्जन कर व्यवसाय कर संकलन गरेको छैन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनुपर्ने तथा पालिकाको आन्तरिक आयस्रोतको दायरा र परिमाणलाई बढोत्तरी गर्न यस्ता कर उठाउन उचित कदम चाल्नु पर्दछ।

४२ **विपद व्यवस्थापन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को १७(१) मा स्थानीय विपद् समितिको गठन दफा १७(२) मा समितिको काम, कर्तव्य र अधिकार तथा दफा ४५ मा समितिको वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा व्यवस्था छ । यस बर्ष १३ वटा बैठक सम्पन्न भएकोमा समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाको पालना गरेको तथा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना गर्नु पर्दछ ।

४३ **बिल नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।गो.भौ.नं.२२७।२०८१-१०-०२ बाट स्वास्थ्य बिमा बोर्डलाई रु.५,००,००० भुक्तानी भएकोमा श्रेस्ता साथ बिल संलग्न नभएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

४४ **मू.अ.करमा दर्ता नभएका सँग खरीद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले २० हजार रुपैयाभन्दा बढीको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरीक राजस्व कार्यालयबाट स्थायी लेखा नं. र मूल्य अभिवृद्धि करदर्ता प्रमाणपत्र प्राप्त गरेका, फर्म वा कम्पनीबाट मात्र खरिद गर्नुपर्दछ ।नमुना छनौट गरिएकोमा पालिकाले देहायबमोजिमको भौचरबाट रु.२० हजार घटीका प्यान विलबाट खाजा,खाना,सवारी साधन मर्मत, मसलन्द तथा कार्यालय सामग्री खरिदको टुक्रे बिजकबाट भुक्तानी दिएको छ । स्थायी लेखा नम्बर लिएका तर मूल्य अभिवृद्धि करमा दर्ता नभएका आपूर्तिकर्ताबाट सामान खरिद गरेको हुँदा नियमानुसारको बिजक जारी भए पश्चात मात्र खरिद कार्य गर्नु पर्दछ ।केहि उदाहरण

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | बिल संख्या | बिल रकम |
|---|---|---|---|
| ५४।२०८०-०८-२४ | नमुना होटल | ४ | ७४,७३९ |
| ६८१।२०८१-०३-१० | नमुना होटल | ४ | ६५,०६८ |
| ८३८।२०८१-०३-१७ | नमुना होटल | ३ | ४९,३८५ |
| ७०७।२०८१-०३-१९ | सन्देश खाजा नास्ता पसल | ३ | ४८,५०० |
| ५३।२०८०-०८-२४ | उद्धम होटल | ४ | ६०,०४४ |
| ४९६।२०८१-०१-२० | किशम बिष्ट होटल | ३ | ५२,३८० |
| १३१।२०८०-०९-११ | न्यू समग्र स्टेशनरी पसल | ५ | ८९,५८० |
| ३०५।२०८१-०३-२४ | न्यू समग्र स्टेशनरी पसल | ३ | ४६,६८० |
| ३९०।२०८०-१२-१५ | न्यू समग्र स्टेशनरी पसल | ४ | ६२,१०० |
| ४९९।२०८१-०१-२० | श्री नवयुग स्टोर एण्ड स्टेशनरी सप्लायर्स | ४ | ७४,३४७ |
| | | जम्मा | ६,२२,८२३ |

४५ **सवारी साधन भाडा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(४) मा पालिकाले स्थानीय यातायात रुट निर्धारण, रुट अनुमति, खारेजी र भाडादर समेत निर्धारण गर्न सक्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार मालसामान खरिद, अन्य सेवाको खरिद गर्न रु. २० लाखसम्म शिलबन्दी दरभाउपत्र र सो भन्दा माथिको लागि बोलपत्र माग गरी प्रतिस्पर्धा गराई खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले सार्वजनिक खरिद नियमावलीको पालना नगरी तथा भ्रमण अभिलेख खाता, भ्रमण अनुगमन प्रतिवेदन तयारी बिना विभिन्न समयमा देहाय बमोजिम सवारी साधन भाडामा लिई फरक फरक दरमा रु.१६,६३,२०० खर्च लेखेको छ ।अधिकाशं सवारी साधन भाडा भुक्तानी गर्दा कार्यालयसँग सम्बन्धित र अत्यावश्यक प्रयोजन पुष्टी हुने प्रतिवेदन संलग्न नगरि खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| मिति | भौ. नं. | खर्च शीर्षक | खर्च रकम |
|---|---|---|---|
| २०८०/०९/०६ | ११५ | सवारी साधन भाडा | २,१३,००० |
| २०८०/०९/११ | १२१ | सवारी साधन भाडा | २७,००० |
| २०८०/०९/१८ | १९१ | सवारी साधन भाडा | ४३,००० |
| २०८०/०९/२२ | २०९ | सवारी साधन भाडा | ४१,००० |
| २०८१/०३/२४ | १०३८ | सवारी साधन भाडा | ६,००० |
| २०८०/०८/२७ | ६५ | सवारी साधन भाडा | १६,५०० |
| २०८०/०८/२७ | ६७ | सवारी साधन भाडा | १,७४,००० |
| २०८०/०९/११ | १३१ | सवारी साधन भाडा | ४८,००० |
| २०८०/०९/२० | १९६ | सवारी साधन भाडा | ५४,५०० |
| २०८०/०९/२० | २०१ | सवारी साधन भाडा | १०,००० |
| २०८०/१२/२५ | ३९० | सवारी साधन भाडा | ६९,००० |
| २०८१/०१/२० | ४९४ | सवारी साधन भाडा | १५,००० |
| २०८१/०१/२० | ४९७ | सवारी साधन भाडा | २३,००० |
| २०८१/०१/२१ | ५०५ | सवारी साधन भाडा | ६,००० |
| २०८१/०३/२४ | ९९१ | सवारी साधन भाडा | ४३,५०० |
| २०८१/०३/२४ | ९९४ | सवारी साधन भाडा | २३,००० |
| २०८१/०३/२४ | १०३८ | सवारी साधन भाडा | १७,५०० |
| २०८१/०३/११ | ६९१ | सवारी साधन भाडा | ३,७४,५०० |
| २०८१/०३/१४ | ७६२ | सवारी साधन भाडा | ४४,५०० |
| २०८१/०३/१९ | ८६६ | सवारी साधन भाडा | १,०४,४०० |
| २०८१/०३/२० | ९२८ | सवारी साधन भाडा | ३३,००० |
| २०८१/०३/२४ | ९७४ | सवारी साधन भाडा | १,०४,४०० |
| २०८१/०३/२४ | ९९३ | सवारी साधन भाडा | १०,५०० |
| २०८१/०३/२४ | १०३५ | सवारी साधन भाडा | २६,६०० |
| २०८१/०३/२४ | १०३८ | सवारी साधन भाडा | १०,९०० |
| २०८१/०३/२६ | १०४८ | सवारी साधन भाडा | १,०४,४०० |
| | | जम्मा | १६,६३,२०० |

| | |
|---|---|
| अनियमित भएको | १६,६३,२०० |

४६ **व्यक्ति तथा पदाधिकारीको नाममा भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९(१) मा विक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने अवस्थामा मालसामान खरिद गर्न कर्मचारीलाई पेश्की दिन सकिने व्यवस्था छ । सरकारी कामको लागि आवश्यक सामान लगायत अन्य खरिद कार्य कर्मचारी वा पदाधिकारीले व्यक्तिगत श्रोतबाट खर्च गरी कार्यालयमा सोधभर्ना माग गर्ने र भुक्तानी दिने कानूनी व्यवस्था रहेको छैन । वडा कार्यालय सञ्चालन खर्चको लागि विभिन्न मिति र समयको बिल भरपाई अषाढमा पेश गरि सोधभर्ना भुक्तानी दिएको देखियो । यसप्रकार कानूनी प्रचलन प्रतिकूल कर्मचारीलाई भुक्तानी दिने परिपाटीमा नियन्त्रण गरि सम्बन्धित आपुर्तिकर्ताको नाममा भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ । यसका केहि उदाहरण -

| **गो.भौ.नं.।मिति** | **भुक्तानी प्राप्त गर्नेको नाम** | **प्रयोजन** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २४३।२०८०-१०-०४ | पदम बहादुर बुढा | शैक्षिक सामाग्री खरिद | ९८,००० |
| १००५।२०८१-०३-२४ | बसन्त ओली | फर्निचर खरिद | ८५,०८५ |
| ६१६।२०८१-०२-२९ | अमित बिष्ट | पाइप खरिद | २७,६२५ |
| १०२४।२०८१-०३-२४ | गुरजित साह | मसलन्द खरिद | २८,५०० |
| ९३४।२०८१-०३-२१ | शिवराज अधिकरी | बिरुवा खरिद | ९३,००० |
| ७८३।२०८१-०३-१६ | बसन्त ओली | मसलन्द | ४८,९५० |
| १०२५।२०८१-०३-२४ | मुकेश कुमार यादव | बिरुवा खरिद | ९८,००५ |
| १०१९।२०८१-०३-२४ | गुरजित साह | वडा नं.९ को कार्यालय उदघाटन | ७०,००० |
| ८४२।२०८१-०३-१७ | देवराज बि.क. | बिरुवा खरिद | ९५,२०० |
| २५४।२०८०-१०-०४ | परेक बोहरा | मसलन्द सामाग्री | १,१५,६६९ |
| | | जम्मा | ७,६०,०३४ |

४७ **कर कट्टी** (38-२०८०-८-१७):

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं.३८।२०८०-०८-१७ बाट देवेन्द्र राज शर्मा लाई रु.३५००० पारिश्रमिक भुक्तानी गर्दा १५% कर रु.५२५० कट्टा गर्नुपर्नेमा रु.३५० मात्र कर कट्टा गरेकोले घटि कर कट्टा गरेको रु.४९०० असुल गरि दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९०० |

४८ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने साथै नियमावली, २०६४ को नियम ८५ अनुसार १० लाख सम्मको सोझै, नियम ८४ अनुसार २० लाख सम्म सिलवन्दी दरभाउ र नियम ३१ अनुसार बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको सामाग्री बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ ।नमुना छनौट गरिएकोमा पालिकाले यो वर्ष विभिन्न कार्यालय तथा मसलन्द सामाग्री खरिदको लागि देहायका गो.भौ.नं.बाट रु.२०,१३,२३७ खर्च लेखेकोमा दररेट माग गरी सोझै खरिद प्रकृयाबाट खरिद भएको अवस्था छ । सोझै खरिद गर्ने प्रकृयामा नियन्त्रण गरी प्रतिस्पर्धाबाट खरिद गर्ने विधिको पालना गर्नुपर्ने देखिएको छ ।

| मिति | गो.भौ.नं. | आपूर्तक | रकम |
|---|---|---|---|
| २०८०/०८/२४ | ५० | लाली गुरास म्यानीफ्याक्चरिङ्ग | २,५९,३३५ |
| २०८०/१०/०८ | २५९ | जयलक्ष्मी इन्टरप्राईजेज एण्ड जनरल अर्डर सप्लायर्स | ४,१७,८५१ |
| २०८०/१०/१३ | २७८ | संगम स्टेशनरी सेन्टर एण्ड जनरल अर्डर सप्लायर्स | ५,२२,०२६ |
| २०८१/०१/२० | ४९९ | श्री नवयुग स्टोर एण्ड स्टेशनरी सप्लायर्स<br>समग्र स्पोर्ट एण्ड अर्डर सप्लार्यस | १,७६,६०३ |
| २०८१/०२/२० | ५७८ | नवदुर्गा प्रिन्टिङ्ग प्रेस प्रा.लि. | ३,२०,१९८ |
| २०८१/०३/१६ | ८१८ | समग्र स्पोर्ट एण्ड अर्डर सप्लार्यस | १,२९,७८० |
| २०८१/०३/१६ | ७९७ | संगम स्टेशनरी सेन्टर एण्ड जनरल अर्डर सप्लायर्स | १,८७,४४४ |
| | | जम्मा | २०,१३,२३७ |

४९ **प्रधानमन्त्री रोजगार कार्यक्रम सामाग्री खरिद**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न योजनामा सिमेन्ट खरिद भएको अवस्थामा खरिद सामाग्री प्रयोग नभई मौज्दात राखेको पाईयो । खरिद सामाग्री जडान भएको कार्यसम्पन्न प्रतिवेदन र नापी किताब पेश हुनुपर्ने रु.

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | खरिद परिमाण | मौज्दात परिमाण | खरिद रकम (मू.अ.कर समेत) |
|---|---|---|---|---|
| ९०८।२०८१-०३-२० | बडिमालिका ट्रेडर्स एण्ड अर्डर सप्लायर्स | १९०२ बोरा | ५२५ बोरा | ५,५०,५३६ |
| १००७।२०८१-०३-२४ | एस.फोर.निर्माण सेवा | ४०४ बोरा | १६० बोरा | १,७८,२१७ |
| | | | जम्मा | ७,२८,७५३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२८,७५३ |

५० **बिजक अनुसार भुक्तानी नभएको** (578,885-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । देहायको भुक्तानीमा फरक फरक सप्लायर्सको भ्याट बिजक र प्यान बिजक पेश गरि भुक्तानी माग भएको अवस्थामा एकै सप्लायर्सको नाममा कैफियत बमोजिम भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | भुक्तानी रकम | बिजक पेश गर्नेको नाम | बिजक रकम | कैफियत |
|---|---|---|---|---|---|
| ५७८। २०८१-०२-२० | नवदुर्गा प्रिन्टिङ्ग प्रेस प्रा.लि. | २,८७,६९८ | नवदुर्गा प्रिन्टिङ्ग प्रेस प्रा.लि. | ३,०६,२६६ (भ्याट बिजक) | नवदुर्गा प्रिन्टिङ्ग प्रेस प्रा.लि. र नवदुर्गा स्टेशनरी एण्ड जनरल अर्डर सप्लायर्सलाई बिजक अनुसार छुट्टै भुक्तानी हुनुपर्नेमा एकमुष्ठ नवदुर्गा प्रिन्टिङ्ग प्रेस प्रा.लि.लाई भुक्तानी भएको |
| | | | नवदुर्गा स्टेशनरी एण्ड जनरल अर्डर सप्लायर्स | ३२,५०० (प्यान बिजक) | |
| ८८५। २०८१-०३-१९ | समग्र स्पोर्ट एण्ड अर्डर | ५९९५३ | समग्र स्पोर्ट एण्ड अर्डर | ४०,१०३ (भ्याट बिजक) | समग्र स्पोर्ट एण्ड अर्डर र न्यू समग्र स्टेशनरी पसललाई बिजक अनुसार छुट्टै भुक्तानी हुनुपर्नेमा एकमुष्ठ समग्र स्पोर्ट एण्ड अर्डरलाई भुक्तानी भएको । |
| | | | न्यू समग्र स्टेशनरी पसल | १९,८५० (प्यान बिजक) | |
| | जम्मा | ३,४७,६५१ | | | |

| अनियमित भएको | ३,४७,६५१ |
|---|---|

## ५१ मू.अ.कर समायोजन

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले रित पूर्कको कर वीजक बेगर गो.भौ.नं.१००७।२०८०-०३-२४ बाट एस.फोर निर्माण सेवा (स्था.ले.नं.६१८७२६५८९)को बिजक नं.०७ मा मिति उल्लेख नभएको अवस्थामा बिजक रकम रु.४,२५,५१३ को मू.अ.कर रकम रु.५५,३१६ समेत भुक्तानी गरेकोलेको मू.अ.कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५५,३१६ |
|---|---|

## ५२ फरक खर्च शीर्षक

आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) मा सम्बन्धित उपशीर्षकमा विनियोजन भएको एक समूहको खर्च शीर्षकको रकम नम्बरमा रकम अपर्याप्त छ र सो खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को समूहको खर्च शीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यस्तो काम भएको सात दिन भित्र त्यसरी खर्च गरेको रकम नियम ४३ बमोजिम नियमित गराउनु पर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं.९८५। २०८१-०३-२४ बाट बैठक भत्ता शीर्षकबाट खर्च लेख्नुपर्नेमा सभा सञ्चालन खर्च शीर्षकबाट रु.२,०७,२०० खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | २,०७,२०० |
|---|---|

## ५३ राँगो खरिद अनुदान (1021-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । गो.भौ.नं.१०२१।२०८१-०३-२४ बाट २० प्रतिशत अनुदानमा सुन्दरवस्ती पशुपालन कृषक समुहलाई एस.वि.एन.एकिकृत कृषि तथा पशुपंक्षी फर्मबाट रु.९९,००० मा रागो खरिद गरि हस्तान्तरण

गरेको देखियो । पालिकाबाट ८० प्रतिशत रु.७९,२०० भुक्तानी भएता पनि समुहको २० प्रतिशत अनुदानको रकम रु.१९,८०० भुक्तानी भएको खुल्ने विवरण पेश भएन । अनुदानको रकम पालिकाको आन्तरिक राजस्व खातामा संकलन गरेर पश्चात भुक्तानी गर्ने व्यवस्था गर्दै पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५४ **इन्धन खर्चको मापदण्ड**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ बुदां नं.१३ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ ।पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ सरकारी काममा सवारी साधन प्रयोग गरिएकोमा इन्धन खर्चको रकम भुक्तानी गर्दा बिलका साथ खरिद आदेश र सवारी साधन प्रयोग गरिएको लगबुक म.ले.प.फा.नं.९०५ र PAMS मा समेत अभिलेख नराखी इन्धन कार्यालय प्रयोजन, एक्जाभेटर सञ्चालन, नयाँ सडकको ट्र्याक खोल्ने, सडक मर्मत ,एम्बुलेन्स सञ्चालन तथा पदाधिकारी इन्धन समेतको लागि रु.३९,९९,६०५ खर्च गरेको छ । सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

५५ **वितरणमुखी कार्यक्रम** (154,544,896,403,842,244,489,243,793-):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम बनाउँदा उत्पादनमुखी पूर्जिँगत कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गर्नुपर्नेमा वितरणमुखी कार्यक्रम गरेको छ । लाभग्राहि संख्या र परिमाणको व्यवस्थित अभिलेख नराखी, मापदण्ड एवम् कार्यविधि वेगर खर्च गरेकोले वास्तविक लाभग्राहि समावेश नहुने र दोहरिने सम्भावना हुन्छ। तसर्थ यस्तो खर्च गर्दा मापदण्ड एवम् कार्यविधि तर्जुमा गरि पारदर्शी तवरले गर्नुपर्दछ । यस सम्बन्धी केही उदाहरण -

| गो.भौ.नं.। मिति | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १५४।२०८०-०९-१६ | तरकारी कम्पोजिट विउ वितरण | ३,७९,७१५ |
| ५४४।२०८१-०१-२७ | तरकारी कम्पोजिट विउ वितरण | १,१४,५०० |
| ८९६।२०८१-०३-१९ | पशु घाँसे विउ वितरण | १,३९,३०० |
| ४०३।२०८१-१२-२८ | धुवा रहित चुलो वितरण कार्यक्रम साहास नेपाल सँग साझेदारी | ९१,००० |
| ८४२।२०८१-०३-१७ | ब्यावसायिक कृषक तरकारी फलफुल विउ विजन खरिद वितरण | ९७,००० |
| २४४।२०८०-१०-०४ | सुन्तला तथा कागति विरुवा वितरण | ५०,००० |
| ४८९।२०८१-०१-२० | बाँसका विरुवा खरिद तथा वितरण | १,५०,००० |
| २४३।२०८०-१०-०४ | शैक्षिक सामग्री खरिद तथा वितरण | ९९,८०० |
| ७९३।२०८१-०३-१६ | शैक्षिक सामग्री खरिद तथा वितरण | ५०,००० |
| | जम्मा | ११,७१,३१५ |

५६ **न्यूतम दररेट**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्ने व्यवस्था छ ।तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन ।कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

५७ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) बमोजिम योजनाको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चको लागि २ प्रतिशत र सानातिना अन्य खर्चको लागि २ प्रतिशत गरी जम्मा ४ प्रतिशत कन्टिन्जेन्सी वापत रकम छुट्याउने र यसरी छुट्याईएको रकमलाई सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गरि यो बर्ष रु.११,६०,८१८ खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरि राख्नु पर्नेमा राख्ने गरेको छैन । स्वीकृत कार्यविधि तथा लागत अनुमान तयार गरि कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरेर मात्र खर्च लेख्नुपर्दछ ।

५८ **उपभोक्ता समिति मार्फत् कार्य**

५८.१ **उपभोक्ता समिति दर्ता** — संस्था दर्ता ऐन,२०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न १४१ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.२,१५,०१,३७१ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

५८.२ **उपभोक्ताको काम** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत् गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत् सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५८.३ **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत् गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरिएको, ठेक्काद्धारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत् वा निर्माण व्यवसायी मार्फत् हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। तर कार्यालयले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन। PCC को M 15 भन्दा बढीको कार्यमा अनिवार्यरुपमा ल्याब टेस्ट गर्नुपर्नेमा सो गरेको छैन । तसर्थ गुणस्तरको यकिन गर्न सक्ने आधार देखिँदैन । निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नभएको देखिन्छ।

गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

५८.४ **उपभोक्ता समिति कार्यको बिमा** - सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ११२ ३(क) मा नियम ९७(क) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट २० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बिमा वापतको खर्च ब्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले उपनियम १ बमोजिम बिमा गराउनुपर्ने तथा बिमा गराउने कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजीकरण गरीदिनुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट रु.२० लाख भन्दा बढी निर्माण भएको कुनै पनि योजनामा बिमा गरिएको छैन । नियमावलीमा व्यवस्था भए बमोजिम उपभोक्ता समितिद्वारा गरिने निर्माण कार्यको अनिवार्य रुपमा बिमा गराउनु पर्दछ ।

५८.५ **सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम हरेक स्थानीयतहले सार्वजनिक सेवाप्रवाहलाई पारदर्शी, उत्तरदायी, जवाफदेही, प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण जस्ता कार्यक्रम सञ्चालन गरी वित्तीय जवाफदेहीतालाई प्रभावकारी बनाउने व्यवस्था छ । उपभोक्ता समिति मार्फत् सञ्चालित योजनाको आय व्यय, कार्यसम्पादन स्थिति, उपभोक्ताको योगदान लगाएतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण नगरेकाले पारदर्शिता र जवाफदेहीताको पालना भएको सुनिश्चित गर्न सकिएन । ऐनमा भएको व्यवस्था कार्यान्वियन हुनुपर्दछ ।

५८.६ **स्वमित्व हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) बमोजिम उपभोक्ता समितिबाट निर्माण सम्पन्न पश्चात सार्वजनिक निकायले सोको रेखदेख, मर्मत समेतको जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्दछ । आयोजनाको स्वामित्व हस्तान्तरणबाट उपभोक्ता समितिलाई अपनत्व महशुस हुन्छ साथै योजनाको दिगोपना सुनिश्चित हुन्छ । तर पालिकले यो आर्थिक बर्षमा उपभोक्ताबाट सम्पन्न कुनैपनि योजनको रेखदेख, मर्मत समेतको जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५९ **शिक्षातर्फ**

५९.१ **शिक्षक विद्यार्थी अनुपात** - विद्यालय समायोजन कार्यान्वियन निर्देशिका,२०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत ५१ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार शिक्षकको दरबन्दी संख्या ६० रहेकोमा करार २ समेत ५७ जनाको पदपूर्ती भएको छ ।उक्त विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको कुल संख्या ४०६२ रहेको छ । उल्लिखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:११ देखि १:७३ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ ।

५९.२ **गाउँपालिका अनुदान शिक्षक** – अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्रका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर स्वीकृत दरबन्दी बाहिर पालिकाले ४० विद्यालयहरुमा ९३ जना अनुदान शिक्षक र १५ विद्यालयमा १५ जना बाल विकास शिक्षक नियुक्ती गरि रु.२२,७२,४०००। संघीय सरकारको समानीकरण स्रोतबाट तलब भत्ता

खर्च लेखेको छ । संघीय सरकारको समानीकरण स्रोतबाट तलब भत्ता खर्च लेखेकोमा दरबन्दी मिलान वेगर दीर्घकालीन दायित्व सिर्जना हुने गरी शिक्षक नियुक्ती गरी तलब भत्ता खर्च लेख्नु उचित देखिदैन। पालिकाले वास्तविक शिक्षकको आवश्यकता पहिचान गरी दरबन्दी मिलानका थप प्रक्रियातर्फ पहल गरी वित्तीय हस्तान्तरणको रकमलाई विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

५९.३ **विद्यालयको अनुगमन नियमन व्यवस्था** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्दछ ।

५९.४ **विद्यालय दिवा खाजा**- कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.1 मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको साविकको कर्णाली अञ्चलका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थी दैनिक रू. २०।– का दरले बजेट निकासा दिने व्यवस्था छ । गो.भौ.नं.१९।२०८०-०८-२८, ९७।२०८०-१०-०३,१३७।२०८०-१२-२९ र २२५। २०८१-०३-१७ बाट देहायका विद्यालयहरुलाई IEMIS प्रणालीमा दर्ता नगरी दिवाखाजा वापत रु.२,४१,२८० निकासा दिएको नियमसम्मत नदेखिएको रु.

| क्र.स. | विद्यालयको नाम | प्रथम किस्ता | दोश्रो किस्ता | तेस्रो किस्ता | चौथो किस्ता | जम्मा निकासा |
|---|---|---|---|---|---|---|
| १ | बालममता आ वि मष्टामाण्डु | ३८,८६० | ३५,२६० | ३८,८२० | ५४,२२० | १,६७,१६० |
| २ | जनज्योति बालबिकास केन्द्र | १८,७०० | १८,४०० | २१,४०० | १५,६२० | ७४,१२० |
| | | | | | जम्मा | २,४१,२८० |

| | |
|---|---|
| अनियमित भएको | २,४१,२८० |

५९.५ **नि:शुल्क पाठ्यपुस्तक**-कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं. २.४.६.१ अनुसार विद्यालयलाई पाठ्यपुस्तक वापतको रकम तेस्रो त्रैमासिक भित्र अनुदान दिने यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक शत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधार यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने व्यवस्था छ। निकासा दिँदा १०० प्रतिशत भन्दा बढी नहुने गरी निकासा दिनुपर्नेमा देहायका विद्यालयहरुलाई गो.भौ.नं. १३६।२०८०-१२-२९ र २२४।२०८१-०३-१७ बाट २०८१ को IEMIS को विद्यार्थी संख्याको आधार लिदा १०० प्रतिशत भन्दा बढी हुने गरि निकासा दिएको रु.२४,६४२। सम्बन्धित विद्यालयबाट असुल गरि संघीय संचितकोष दाखिला गर्नुपर्ने रु.

| क्र.स. | वडा नं. | विद्यालयको नाम | **IEMIS** अनुसार हुनुपर्ने निकासा | ७५ प्रतिशत निकासा | २५ प्रतिशत निकासा | जम्मा निकासा | बढी निकासा |
|---|---|---|---|---|---|---|---|
| १ | ८ | बालमाता आधारभुत विद्यालय | ७,८१२ | १७,३७९ | ५,७९३ | २३,१७२ | १५,३६० |
| २ | ९ | प्रगतिशिल आधारभुत विद्यालय | ३,७१७ | ९,७५० | ३,२५० | १३,००० | ९,२८३ |
| | | | | | | | २४,६४३ |

| असुल गर्नुपर्ने | २४,६४३ |
|---|---|

५९.६ **सिकाइ तथा डिजिटल सामाग्री -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.५० प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयबाट भरिएको IEMIS प्रतिवेदनमा उल्लिखित विद्यार्थी सङ्ख्याका आधारमा स्थानीय तहले बजेट बाँडफाँड गरी विद्यालय (विशेष र एकीकृत विद्यालयसमेत) लाई अनुदान दिने व्यवस्था छ। पालिकाले निम्न विद्यालयहरूलाई IEMIS प्रणालीमा दर्ता नगरी गो.भौ.नं.२२७।२०८१-०३-१७ बाट रु.२०००० निकासा दिएको नियमसम्मत नदेखिएको रु.

| सि नं | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | बालममता आ वि मष्टामाण्डु | ११,५०० |
| २ | जनज्योति बालबिकास केन्द्र | ८,५०० |
| | जम्मा | २०,००० |

| अनियमित भएको | २०,००० |
|---|---|

५९.७ **फरक खर्च शीर्षक -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप न २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान दिन सक्ने व्यवस्था छ। गो.भौ.नं.२२८। २०८१-०३-१७ बाट कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको शीर्षकमा खर्च नगरी नन्दादेवी मा वि कोटवाडालाई आयाको १ वर्षको तलब भत्ता तथा चाडपर्व खर्च, व्यवस्थापन खर्च तथा स्रोत शिक्षक प्र.अ. भत्तामा रु.२,११,००० प्रति विद्यार्थी लागत शीर्षकबाट निकासा गरेको नियमसम्मत नदेखिएको रू.

| अनियमित भएको | २,११,००० |
|---|---|

## ६० न्यानो झोला

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ५ वटा बर्थिङ सेन्टरमा गत वर्ष ३९५ थान मौज्दात रहेको र यस वर्ष ५०० थान प्रति थान रु.९९६.५५ को दरले रु.४,९८,२७५ खरिद गरेकोमा यस वर्ष ३२९ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका ५६६ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

## ६१ औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यो बर्ष गाउँपालिका चालु गो.भौ.नं.५८९।२०८१-०२-२२ बाट रु.२०,९४,३६६ को औषधि विद्युतिय बोलपत्र मार्फत् तथा कोटेशन माग गरि संघीय सरकार हस्तान्तरित कार्यक्रम चालुको गो.भौ.नं.८४-२०८०-०९-१६ बाट रु.५,५२,२४९ गो.भौ.नं. १४८। २०८१-०१-१७ बाट रु.९९,६५०, गो.भौ.नं.१५२।२०८१-०२-२१ बाट रु.१,४०,००० र गो.भौ.नं.३०६।२०८१-०३-२४ बाट रु.४,५३,००० समेत रु.१२,४४,८९९ को औषधि सोझै खरिद गरेको छ । औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश

नभएको, आपूर्ति भएका औषधि एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको,औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको देखियो । तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६२ **सामाजिक परिचालकको पारिश्रमिक**

बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन २०८०।८१ को बुँदा नं ३(ङ) मा आंशिक कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहले आन्तरिक श्रोतबाट तलब व्यवस्था गरी सहजकर्ताको व्यवस्था गर्न सक्ने उल्लेख छ । गो.भौ.नं.२७८।२०८१-०३-२१ बाट कार्यक्रम खर्च शीर्षकबाट (२०८१-१-२५ देखि २०८१ असाढ सम्म) ९ जना सामाजिक परिचालक नियुक्त गरी मासिक रु.१३,००० का दरले तलबमा रु.२,६१,२९७। खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,६१,२९७ |

६३ **रोजगार संयोजक सुविधा**

रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को बुँदा नं १८(१) मा रोजगार संयोजकले स्थानीय सेवाको सोही सरहको पदले पाउने सुरु तलब स्केल बराबरको तलब स्थानीय भत्ता, पोशाक र चाडपर्व खर्च मात्र पाउने उल्लेख छ । गो.भौ.नं १४९। २०८१।१।२७ बाट रोजगार संयोजक दिपेन्द्र बहादुर बुढालाई मापदण्डमा उल्लेख नभएको महंगी भत्ता रु.२०,००० र सञ्चार सुविधा रु.१०,००० समेत रु.३०,००० भुक्तानी दिएकोले उक्त रकम भुक्तानी गर्ने आधार पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

६४ **दोहोरो भुक्तानी** (213-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा रकम खर्च गर्दा खर्चलाई पुष्ट्याइ गर्ने बिल भर्पाइ सहित लेखा राख्नुपर्ने उल्लेख छ । गो.भौ.नं.२११।२०८१-३-१७ सि अ.न.मि. लक्ष्मी गुरुङलाई परिवार योजना सेवाको रु.३,६०० खर्च लेखिएकोमा पून सोहि रकम गो.भौ.नं. २१३ वाट समेत भुक्तानी दिएकोले दोहोरो भुक्तानी असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६०० |

६५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत् नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस कार्यक्रम अन्तर्गत पालिकाका ९ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ८७ जनालाई औसत ८७.२६ दिनले रोजगारी उपलव्ध गराई रु.५६,१७,७९८ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६६ **मुख्यमन्त्री रोजगार कार्यक्रम**

मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार पालिकामा ८ वटा योजनामा रु १५ लाखको दरले सञ्चालनमा रु.१,२०,००,००० वजेट विनियोजन भएकोमा रु.९४,०६,४४१ खर्च हुनुको साथै २५१ जनाले औषतमा ५२ दिन रोजगारी प्राप्त गरेका छन । कार्यविधिको दफा १४ बमोजिम आयोजना कार्यन्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपुर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको सार्वजनिक लेखापरीक्षण गराएको छैन । योजना छनौट गर्दा योजना

छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६७ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न ९ वडाका लाभग्राहिको खातामा सामाजिक सुरक्षा भत्ता वितरण गर्न १ बैंक मार्फत् रु.११,९४,७८,५०१ निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

६७.१ **पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया सम्बन्धि जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

६७.२ **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार पालिका अध्यक्ष वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा सो गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ ।

६७.३ **दोहोरो भुक्तानी** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २१ मा स्थानीय तहले ऐनको दफा १७ को उपदफा (३) बमोजिम नेपाल सरकारबाट नेपाल राजपत्रमा मिति २०७७।०७।२४ मा प्रकाशित अनुसूची-९ बमोजिमको सूचना अनुसार बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले कृषि विकास बैँक कुमालगाउँमा देहायको लाभग्राहीको खातामा निकासा गर्दा एउटै खाता नं.मा रु.२०,७४८ दोहोरो निकासा भएको रकम यकिन गरि संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

| वडा नं | सामाजिक सुरक्षाको किसिम | किस्ता | लाभग्राहीको नाम | बैंक खाता नं | रकम | बढी रकम |
|---|---|---|---|---|---|---|
| ६ | जेष्ठ नागरिक | प्रथम | kamal bishakarma | ०७२६००५२३०१४३०१४ | ७,९८० | ७,९८० |
| ६ | एकल महिला | प्रथम | suna Bishwakarma | ०७२६००५२३०१४३०१४ | ७,९८० | |
| ६ | क्षेत्र तोकिएको बालबालिका पोषण भत्ता | प्रथम | Digdarsan Batala | ०७२६००५१६८२०२०१७ | १,५९६ | १,५९६ |
| ६ | क्षेत्र तोकिएको बालबालिका पोषण भत्ता | प्रथम | Dijadrasan Batala | ०७२६००५१६८२०२०१७ | १,५९६ | |
| ९ | क्षेत्र तोकिएको बालबालिका पोषण भत्ता | प्रथम | Karishma Bohara | ०७२६००१९४५८४१०१५ | १,५९६ | १,५९६ |
| ९ | क्षेत्र तोकिएको बालबालिका पोषण भत्ता | प्रथम | Karishma Bohara | ०७२६००१९४५८४१०१५ | १,५९६ | |
| ६ | जेष्ठ नागरिक | दोस्रो | kamal bishakarma | ०७२६००५२३०१४३०१४ | ७,९८० | ७,९८० |
| ६ | एकल महिला | दोस्रो | suna Bishwakarma | ०७२६००५२३०१४३०१४ | ७,९८० | |
| ६ | क्षेत्र तोकिएको बालबालिका पोषण भत्ता | दोस्रो | Sardsing b.k | ०७२६००१९४२५६९०१२ | १,५९६ | १,५९६ |
| ६ | क्षेत्र तोकिएको बालबालिका पोषण भत्ता | दोस्रो | Mayasha B K | ०७२६००१९४२५६९०१२ | १,५९६ | |
| | | | | | जम्मा | २०,७४८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,७४८ |

६८ **निर्देशन पालना**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा निर्माण कार्यसंग सम्वन्धित आइटमहरु मात्र समावेश गर्नुपर्ने र सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णयमा निर्माण कार्यको बिल अफ क्वान्टिटिमा सवारीसाधन, साईट अफिस भाडाजस्ता निर्माण कार्यसँग असम्बन्धित खर्च समावेश नगर्न र लागत वृद्धि नियन्त्रण गर्न नीति बनाउने निर्देशन भएकोमा कार्यालयले ठेक्का नं ६।२०८०। ८१ विश्वकुना पिपलरुख थाडिमाडु उच्छव रामारोशन पर्यटकिय मार्गका निर्माण व्यवसायी कौशिक नन्दमाता जे.भी. संगको ठेक्का सम्झौता रु.२,५९,३६,०२९ मा ठेक्काको बिल अफ क्वान्टिटीमा इन्जिनियरको सुविधाबापत मोटरसाइकल सप्लाइको लागि रकम व्यवस्था गरि रु.३,७४,९०० खर्च लेखेको पाइयो।सार्वजनिक लेखा समितिको निर्णय विपरित खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,७४,९०० |

६९ **खरिद सम्झौताको अन्त्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौता गर्ने निर्माण व्यवसायीले सम्झौताबमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बीचैमा छाडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने, सो काम बापत राखिएको पूरै जमानत जफत हुने र बाँकी कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम सम्झौताबमोजिम कार्य नगर्ने निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

६९.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) मा सार्वजनिक निकायको रनिङ विल वा अन्य कुनै विल बीजकको भुक्तानी गर्दा रिटेन्सन मनि वापत विल वा बीजकमा उल्लेखित रकमको ५ प्रतिशत धरौटी रकम रु.४५,९३३ कट्टि गर्नु पर्नेमा नगरेकोले धरौटी खातामा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,९३३ |

६९.२ कार्यालयले खुलालु लालु माल्कोट रुप्सा चुनासम्म सडक स्तरोन्नति कार्यको लागि २०८०।१२।२५ सम्म र म्याद थपवाट २०८१।२। ३० सम्म कार्य सम्पन्न गर्ने गरी रू.४६ लाख ५७ हजारमा (५३.४१ प्रतिशत घटी ) वटाला कन्स्ट्रक्सन प्रा. लि.संग सम्झौता गरेकोमा रू.१० लाख ३७ हजार भुक्तानी पश्चात निर्माण व्यवसायीले बाँकी काम नगरेको कारण काम अधुरो रहेको देखिन्छ। कार्यपालिकाको २०८१।२।१९ को प्रस्ताव नं ४ मा निर्धारित समयमा कार्य सम्पादन नगर्ने निर्माण व्यवसायीहरुलाई अषाढ १ गते पश्चात म्याद थप नगर्ने निर्णय समेत भएकोले कार्यसम्पादन जमानत रू.२० लाख १५ हजार जफत गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ बमोजिम सम्झौता उल्लङ्घन भए प्राप्त हुने उपचारसम्बन्धी व्यवस्था अपनाई निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,१५,००० |

६९.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ एवम् खरिद सम्झौतामा निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौताबमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा सम्झौता मूल्यको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था भएकोमा २०८१।३।२० मा प्रथम रनिङ विल पेश गरेकोले सम्पन्न गर्नुपर्ने मिति भन्दा ढिला दिन २० को रु ४६,५७४। पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,५७५ |

७० **मोबिलाईजेशन पेश्की** (41,6-):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ अनुसार निर्माण व्यवसायी आपुर्तिकर्ता वा सेवा प्रदायकलाई दिएको पेश्की सोही नियम अनुसार फस्यौर्ट गरिएको हुनुपर्दछ । यस आर्थिक वर्षमा निम्न निर्माण व्यवसायीको फस्यौर्ट हुन बाँकी मोबिलाईजेशन पेश्की रकम समयमै फस्यौर्ट गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

| मिति | गो.भौ.नं. | पेश्कीको विवरण | पेश्की प्राप्त गर्नेको नाम | रकम |
|---|---|---|---|---|
| २०८०-११-२० | ४१ | विश्वकुना-पिपलरुख-थाडिमाडु-उच्छव रामारोशन पर्यटकीय मार्ग(क्रमागत) | कौशिक नन्दामाता जे.भी. | २६,००,००० |
| २०८१-०२-१४ | ६ | विश्वकुना-पिपलरुख-थाडिमाडु-उच्छव रामारोशन पर्यटकीय मार्ग(क्रमागत) | कौशिक नन्दामाता जे.भी | १५,४८,००० |
| | | | जम्मा | ४१,४८,००० |

७१ **डि.पि.आर.** (15,215-):

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| भौचर नं र मिति | कार्य | परामर्शदाता | **खर्च रकम** |
|---|---|---|---|
| १५।२०८०।१०।४ | शहिद स्मृती पार्क वडा नं २ निर्माण | सोलिङ इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | ९,८९,१७३ |
| २१५।२०८१।३।२४ | औद्योगिक ग्राम निर्माण तथा संञ्चालन | इन्जिनियरिङ रिसोर्स मल्टिपर्पोज्ड कन्सल्टेन्सी | ४,९६,१२६ |

यस्तो अध्ययनकार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डि.पि.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । डि.पि.आर.गरेको योजना कार्यान्वयन हुनुपर्दछ ।

७२ **बीजक भन्दा बढी भुक्तानी** (212-२०८१-३-१७):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । गो.भौ.नं.२१२।२०८१।३।२४ बाट इन्फ्राटेक सिभिल सोलुसन एण्ड कन्सल्टेन्सी प्रा.लि. वुटवललाई बीजक अनुसार रु.९,९६,६६०। भुक्तानी हुनुपर्नेमा रु.९,९९,८१९। भुक्तानी भएकोले बढी भुक्तानी रु.३,१५९असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१५९ |

७३ **खरिद सम्झौताको कार्य नै नभएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौता गर्ने निर्माण व्यवसायीले सम्झौताबमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बीचैमा छाडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त गर्न सक्ने, सो काम बापत राखिएको पूरै जमानत जफत हुने र बाँकी कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम सम्झौताबमोजिम कार्य नगर्ने निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ।कार्यालयले सैनेखोला देखि नुवादेवमाडुसम्म सडक निर्माणको कार्य (प्याकेज २) २०८१।३।२० सम्म सम्पन्न गर्ने गरी रू.३३ लाख ८० हजारमा (५६प्रतिशत घटी) निर्माण व्यवसायी मानव इन्जिनियरीङ कन्सल्टेन्सी चन्दननाथ जुम्लासंग सम्झौता गरेकोमा निर्माण कार्य सुरु नभएको र कार्यपालिकाको २०८१।२।१९ को प्रस्ताव नं ४ मा निर्धारित समयमा कार्य सम्पादन नगर्ने निर्माण व्यवसायीहरुलाई अषाढ १ गते पश्चात म्याद थप नगर्ने निर्णय समेत भएकोले कार्यसम्पादन जमानत वापत राखेको रू.२१,००,००० जफत गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ बमोजिम सम्झौता उल्लङ्घन भए प्राप्त हुने उपचारसम्बन्धी व्यवस्था अपनाई निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,००,००० |

७४ **बढी भुक्तानी** (पूँजिगत गो.भौ.नं.२०० र संघीय पूँजिगत गो.भौ.नं.१६-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले विश्वकुना पिपलरुख थाडिमाड़ु उच्छव रामारोशन पर्यटकिय मार्गका निर्माण व्यवसायी कौशिक नन्दमाता जे.भी.लाई ठेक्का सम्वन्धी पहिलो रनिङ बिलमा उल्लेख भएको वास्तविक कार्य परिमाणको आधारमा रु.८५,७३,८८५।मात्र भुक्तानी दिनुपर्नेमा गाउँपालिका पूँजिगत गो.भौ.नं.२०० र संघीय पूँजिगत गो.भौ.नं.१६ बाट रु.९६,१०,७३८। भुक्तानी दिएकोले बढी भुक्तानी रू.१०,३६,८५३।असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | १०,३६,८५३ |
|---|---|

७५ **सोझै खरिद** (91,93,183-):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख भएकोमा यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारका निर्माण कार्य प्रतिस्पर्धा नगराई उपभोक्ता समितिले गरिसकेको कार्यको परिमाणमा उल्लेख नभएको कार्य विभिन्न निर्माण व्यवसायीबाट सोझै खरिद गरी रु. २४,७१,५९२ खर्च गरेको छ । ऐन नियममा भएको व्यवस्था बिपरित सोझै खरिद कार्य गरेको नियमसम्मत नदेखिएको रु.

| **गो.भौ.नं.।मिति** | **फर्मको नाम** | **खरिदको प्रकार** | **रकम** |
|---|---|---|---|
| ९१।२०८१।१।२७ | एस के डि कन्स्ट्रक्सन एण्ड सप्लायर्स | निर्माणाधिन प्रशासकिय भवनको पहिलो तला रंगरोगन | ९,२९,६९६ |
| ९३।२०८१।१।२७ | न्यू वडिमालिका निर्माण सेवा | निर्माणाधिन प्रशासकिय भवनको पहिलो तला फिनिसिङ | ५,८०,४०० |
| १८३।२०८१।३।१९ | पञ्चदेवल निर्माण सेवा | निर्माणाधिन प्रशासकिय भवनको फिनिसिङ (मार्वल) | ९,६१,४९६ |
| | | जम्मा | २४,७१,५९२ |

| अनियमित भएको | २४,७१,५९२ |
|---|---|

७६ **प्रमाण वेगर खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा रकम खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। पिपल रुख देखि थाडीमाडुसम्मको सडक निर्माण योजनाका निर्माण व्यवसायी चिरञ्जिवी निर्माण सेवालाई विल भर्पाइ वेगर पि.एस.आइटमको रकम रु. ४९,९९५। भुक्तानी दिएकोले खर्च पुष्टयाइ प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ४९,९९५ |
|---|---|

७७ **जग्गा प्राप्ति** (106,130,181,193,209,210,239,469-):

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्ने अधिकार नेपाल सरकारलाई हुने तथा प्रदेश वा स्थानीय तहको लागि जग्गा उपलव्ध गराउन नेपाल सरकार समक्ष अनुरोध गर्नु पर्ने व्यवस्था छ । ऐनको दफा २३ मा नेपाल सरकारको नाममा प्राप्त भएको जग्गा नेपाल सरकारको नाममा नामसारी गरी मालपोत लगत कट्टा गर्नु पर्ने हुन्छ । ऐनको दफा १३ अनुरुप गठित मुआब्जाको रकम निर्धारण समितिको सिफारिसमा जग्गाको मुआब्जा रकम भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ढ) मा स्थानीय तहले सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्न सक्ने र मुआव्जा निर्धारणको लागि सहजिकरण गर्न सक्ने व्यवस्था छ । पालिकाले गत वर्षको जग्गा खरिदको भुक्तानी रु. २८,०१,०००।- सम्बन्धित जग्गाधनी र विद्यालयहरुलाई भुक्तानी दिइ विद्यालय मार्फत सम्वन्धित जग्गाधनीलाई भुक्तानी गरेको देखियो । पालिकाले जग्गा प्राप्त गर्दा जग्गा प्राप्ति ऐनको अनुशरण गर्नपर्दछ ।

| भौ नं र मिति | विवरण | रकम |
|---|---|---|
| १०६।२०८१।२।१४ | सामुदायिक स्वास्थ्य इकाइ गोठिको जग्गा खरिदको रकम दिपे बुढालाई | ३,००,००० |
| १३०।२०८१।२।२२ | वडा नं ८ कार्यालयको लागि जग्गा खरिद | १,००,००० |
| १८१।२०८१।३।१९ | विश्वकुना मा वि माझगोठीको जग्गा खरिद ४ जनाको लागि | १२,७१,००० |
| १९३।२०८१।३।२१ | रुपादेवि आ वि डाडाखलालाई जग्गा खरिद | ३,००,००० |
| २०९।२०८१।३।२४ | रुपादेवि आ वि डाडाखलालाई जग्गा खरिद | ३,००,००० |
| २१०।२०८१।३।२४ | चन्द्रसुर्य आधारभूत विद्यालय जग्गा खरिद | २,५०,००० |
| २३९।२०८१।३।२४ | वालकल्याण आधारभूत विद्यालय | १,८०,००० |
| ४६९।२०८१-०१-१३ | रुपादेवि आ वि डाँडाखला | १,००,००० |
| | जम्मा | २८,०१,००० |

७८ **म्याद नाघेको पेश्की** (792,2,4,138-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेश्की सोही वर्षमा फस्र्यौट गर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फस्र्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाइ असुल गर्ने व्यवस्था छ । देहाय बमोजिमको पेश्की फस्र्यौट नभएकोले म्याद नाघेको पेश्की फस्र्यौट हुनुपर्ने रु.

| मिति | गो.भौ.नं. | पेश्कीको विवरण | पेश्की प्राप्त गर्नेको नाम | रकम |
|---|---|---|---|---|
| २०८१-०३-१६ | ७९२ | सवारी साधन मर्मत खर्च | गोविन्द वहादुर विष्ट | ७४,००० |
| २०८०-१०-०४ | २ | चिसापानी झोलुङ्गेपुल निर्माण | चिसापानी झोलुङ्गेपुल निर्माण समिति | ३,५०,००० |
| २०८०-११-२९ | ४ | दल्लेना खोला झोलेङ्गे पुल निर्माण | दल्लेना खोला झोलेङ्गे पुल निर्माण उपभोक्ता समिति | ३,०४,८०७ |
| २०८१-०२-२७ | १३८ | निपाने खोला झोलुङ्गे पुल निर्माण | निपाने खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति नरहरिनाथ ७ | ३,०७,००० |
| | | | जम्मा | १०,३५,८०७ |

| | |
|---|---|
| पेश्की | १०,३५,८०७ |

७९ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । लेखा उत्तरदायी अधिकृतले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्र्यौट तथा सम्परीक्षण गरा्इ अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको व्यहोरा अन्तिम लेखापरीक्षण अवधिसम्म फस्र्यौट नगरेकोले आन्तरिक लेखापरीक्षणवाट औल्याइएका देहायका व्यहोरा कायम गरिएको छ

७९.१ **असुल गर्नुपर्ने**

| गो.भौ. नं. | व्यहोरा | असुल गर्नुपर्ने |
|---|---|---|
| | आर्थिक ऐन,२०८० मा उल्लेख भएको भन्दा घटी राजस्व दाखिला असुल हुनुपर्ने रु<br>· वडा नं २ (शिवराज अधिकारी) रु ११९९<br>· वडा नं ६(दमनराज भण्डारा) रु ४९१०।<br>· वडा नं ८ (मीन बहादुर विष्ट) रु ३४७९। | ९,५८८।- |
| | घटी राजस्व दाखिला असुल हुनुपर्ने रु<br>· वडा नं २ रु ३०१<br>· वडा नं ४ रु १०००<br>· वडा नं ८ रु ८००<br>· वडा नं ९ रु ८५० | २,९५१।- |
| | इन्धन सुविधा लिएकोलाई सवारी भाडा भुक्तानी भएको रकम असुल हुनुपर्ने रु<br>· निरक कुमार शाह १६९००<br>· भरत कुमार कठायत १००००<br>· टेक बहादुर महतारा ७२०० | ३४,१००।- |
| | निर्देशिका भन्दा वढी मर्मत खर्च भुक्तानी दिएको असुल हुनुपर्ने रु<br>· भरत कुमार कठायतलाई रु ४१९९६।<br>· किरण विष्टलाई रु २७५०।<br>· टेक बहादुर महतारालाई रु १५०६६।<br>· प्रदिप बोहरालाई रु १८१७२।<br>· लाल व विष्टलाई रु १४५०। | ७९,४३४।- |
| १०२०।२०८१-०३-२४ | वडा नं ९का लक्षित बालबालिकाको स्टेशनरी सामाग्री खरिदमा वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु | ५,८५०।- |
| १०५।२०८१-१२-५ | मान वहादुर सहकारीलाई हलभाडा वढी भुक्तानी दिएको असुल हुनुपर्ने रु | १,८००।- |
| ९२।२०८०-१०-२ | लंक बहादुर बटालालाई हलभाडा वढी भुक्तानी दिएको असुल हुनुपर्ने रु | ९००।- |
| ४०६।२०८०-१२-२८ | लंक वहादुर वटालालाई हलभाडा वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु | १,३५०।- |
| ८७६।२०८१-०३- १९ | न्यू समग्र स्टेशनरी पसलको अग्रिम कर कट्टि नभएको असुल हुनुपर्ने रु | २,८७६।- |
| १४८।२०८१-३-६ | जनप्रिय आ वि लाईब्रेरी कोठा निर्माणको हर्जाना असुल नभएको रु | ३,४५०।- |
| | जम्मा | १४२,२९९।- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४२,२९९ |

७९.२ (55-२०८०-८-२४):

**प्रमाण पेश नगरेको**

| गो भौ नं | व्यहोरा | प्रमाण पेश गर्नुपर्ने |
|---|---|---|
| ५३२। २०८१-०१-२६ | वडा नं ५ लाई वैठक भत्ता भुक्तानी गरेको प्रमाण पेश नभएको रु | १०,३००।- |
| ६७४। २०८१-०३-०७ | सचिवालय सहायक प्रकाश विष्टलाईलाई दिएको संचार सुविधाको पुष्टयाइ प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | ११,८२०।- |
| ७०।२०८०-०८-२८ | कार्यक्रम उपस्थितिको माइन्यूट वेगर होटल एण्ड नास्ता पसललाई भुक्तानीको प्रमाण पेश नभएको रु | ७,९०५।- |
| ५५।२०८०-०८-२४ | डिजेल २४० लिटर प्रयोगको लगबुक प्रमाण पेश नभएको रु | ३९,९६०।- |
| ५१०। २०८१-०१-२४ | डिजेल १२६.१८ र पेट्रोल १४२.४५ लिटर प्रयोगको लगबुक प्रमाण पेश नभएको रु | ४५,०००।- |
| ८९१।२०८१-०३-१९ | वडा नं ४ को वडा स्तरिय अपाङ्गमैत्री कार्यक्रममा ढुवानी खर्चको विल भर्पाइ प्रमाण नभएको रु | ५,०००।- |
| ८५९। २०८१-०३-१९ | वडा नं ४ को सुरक्षित मातृत्व कार्यक्रममा सहभागीको भर्पाइ प्रमाण नभएको रु | २३,८००।- |
| | जम्मा | १,४३,७८५।- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४३,७८५ |

### ७९.३ नियमित गर्नुपर्ने

| गो भौ नं | व्यहोरा | नियमित गर्नुपर्ने |
|---|---|---|
| ९९१। २०८१/०३/२४ | कार्यालयको सामान ढुवानी रु४३५००।मा विरामी लगेको (मना सहकारीलाई) रकम पालिकाबाट भुक्तानी भएको रु५०००। नियमसम्मत नदेखिएको रु | ५०००।- |
| | जम्मा | ५,०००।- |

| | |
|---|---|
| अनियमित भएको | ५,००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : नरहरिनाथ गाउँपालिका, कालिकोट , नरहरिनाथ गाउँपालिका , कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | युवराज पौडेल | २०८०-५-२४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Nirak kumar shah | २०८०-१-३ | २०८०-५-२२ |
| लेखा प्रमुख | रमेश के सी | २०७६-९-१० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,३३८,१७० | ९,७५२,७२० | ५,६५९,५३० | ० | ० | १,०३५,८०७ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १७,७८६,२२७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १७,७८६,२२७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३६९८१२१२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३१८७८०६४६.३ | चालु खर्च | ३०३६१८५८०.३ |
| प्रदेश सरकारबाट अनुदान | ३९७२७३३४ | पूँजीगत खर्च | १३१६४८४३५ |
| राजश्व बाँडफाँट | ८१८९०९२२ | वित्तीय/अन्य व्यवस्था | १४५३३७१३३ |
| आन्तरिक आय | २०३८३४१.० | | |
| अन्य आय | १४५३२७१३३ | | |
| कुल आय | ५८७७६४३७६.३ | कुल खर्च | ५८०६०४१४८.३ |
| बाँकी मौज्दात | | ४४१४१४४० | |

## अनुसूची - २

| सि.नं | लेखापरीक्षण | लेखापरीक्षण गरिएका बिषय |
|---|---|---|
| 1 | आन्तरिक नियन्त्रण प्रणाली | आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वियन |
| 2 | आन्तरिक आय | आन्तरिक आयतर्फ |
| 3 | नीति तथा कार्यक्रम,बजेट र योजना | नीति तथा कार्यक्रम,बजेट र योजना कार्यान्वियनको अवस्था |
| 4 | भूक्तानीमा कर कट्टी | भुक्तानीमा कर कट्टीको कार्यान्वियन |
| 5 | मुख्यमन्त्री रोजगार कार्यक्रम | मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वियन |
| 6 | प्रधानमन्त्री रोजगार कार्यक्रम | प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वियन |
| 7 | शिक्षा तर्फ | शिक्षा तर्फ वजेट तथा कार्यक्रम कार्यान्वियन |
| 8 | चालु तथा प्रशासनिक खर्च | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| 9 | तलब भत्ता तथा पारिश्रमिक खर्च | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, पारिश्रमिक खर्च र करार सेवा) |
| 10 | तालिम तथा कार्यक्रम खर्च | तालिम र कार्यक्रम खर्च कार्यान्वियन |
| 11 | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन कार्यान्वियन |
| 12 | उपभोक्ता समिति | उपभोक्ता समिति मार्फत् कार्य |
| 13 | स्वास्थ्य कार्यक्रम तथा वजेट खर्च | स्वास्थ्य तर्फ कार्यक्रम कार्यान्वियन |
| 14 | कृषि तथा पशुतर्फ | कृषि तथा पशुतर्फ कार्यक्रम कार्यान्वियन |
| 15 | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा भत्ता वितरण |
| 16 | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।